# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/ ९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com




इजरायलबाट नेपाली नागरिकको उद्धार

## २५४ जनालाई स्वदेश ल्याइयो

■ प्रभाव संवाददाता



**काठमाडौं–** इजरायलबाट २५४ जना नेपाली नागरिकलाई उद्धार गरी शुक्रबार बिहान नेपाल ल्याइएको छ। उनीहरूलाई नेपाल एयरलाइन्सको वाइडबडी विमानबाट नेपाल ल्याइएको हो। उनीहरूलाई लिनका लागि परराष्ट्रमन्त्री नारायणप्रकाश साउदलगायतका सरकारी अधिकारीहरू टोली इजरायल गएका थिए।

उद्धारपछि शुक्रबार बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कुरा गर्दै परराष्ट्रमन्त्री साउदले इजरायलबाट नेपाल फर्कन चाहना राखेका ५०३ जनामध्ये २५४ जनालाई नेपाल ल्याइएको र अन्यलाई पनि छिट्टै नेपाल ल्याइने जानकारी दिए।

'इजरायलको तेल अभिभस्थित नेपाली राजदूतावासले सुरक्षित स्थानमा स्थानान्तरण हुन तथा नेपाल फर्कन चाहने नेपालीहरूलाई अनलाइनमार्फत आफ्नो विवरण प्रविष्ट गर्न अनुरोध गरेबमोजिम आजसम्म ५५७ जनाले आफ्नो विवरण उपलब्ध गराउनुभएको छ। जसमध्ये ५०३ जनाले नेपाल फर्कने इच्छा व्यक्त गर्नुभएकोमा २५४ जना आज हामीसँगै स्वदेश फर्कनुभएको छ,' मन्त्री साउदले शुक्रबार बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीहरुसँग भने।

उनले जोखिमपूर्ण स्थानबाट स्थानान्तरण गर्न आवेदन गरेका ५४ जनालाई सुरक्षित स्थानमा सारिएको पनि जानकारी दिए। यस घटनामा परी चार जना नेपाली नागरिक घाइते भएकोमा एक जना उपचारपछि शुक्रबार नै स्वदेश फर्किएको, एक जना अस्पतालबाट उपचारपछि डिस्चार्ज भएको र बाँकी दुई जना स्थानीय अस्पतालमा उपचाररत रहेको मन्त्री साउदले जानकारी दिए। 'आक्रमणमा परी हालसम्म सम्पर्कविहीन हुनुभएका विपिन जोशीको खोजी निरन्तर जारी छ,' उनले भने, 'यस विषयमा थप जानकारी प्राप्त हुनासाथ जानकारी गराउने छौं।'

इजरायलमाथि हमास समूहको आक्रमणमा परी सुदूरपश्चिम विश्वविद्यालयबाट इजरायल गएका १० जना नेपाली विद्यार्थीको निधन भएको र उनीहरूको शव नेपाल ल्याउनका लागि इजरायल सरकारसँग समन्वय भइरहेको पनि उनले जानकारी दिए।

(बाँकी पृष्ठ २ मा)

### सरकारको ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सांसदहरूले इजरायलमा भएको आतंकवादी आक्रमणका कारण त्रासमा बसेका नेपालीलाई उद्धार गर्न सरकारको ध्यानाकर्षण गराएका छन्।

प्रतिनिधिसभाको शून्य समयमा सांसद विमला सुवेदीले इजरायलमा भएको आंकवादी हमलापछि स्वदेश फर्कन चाहने २५४ जनालाई पहिलो खेपमा शुक्रबार बिहान उद्धार गरिएकामा त्यसको स्वागत गर्दै स्वदेश फर्कन चाहनेलाई सबै नेपालीलाई ल्याउन सरकारसँग आग्रह गरिन्।

सांसद रघुजी पन्तले इजरायलमा मारिएका व्यक्तिका पारिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्न माग गर्दै सम्पर्कविहीन भएका एक जनाको खोजी गर्न कूटनीतिक सक्रियता बढाउन सरकारको ध्यानाकर्षण गराए।

सांसद मनिष झाले इजरायलबाट केही नेपालीलाई ल्याइएकामा त्यसको स्वागत गर्दै स्वदेश आउन चाहने सबैलाई ल्याउन सरकारसँग आग्रह गरे। सांसद रमा कोइराला पौडेलले इजरायलमा धेरै महिला सुसारे भएर गएकाले घर फर्कन चाहने उनीहरूलाई पनि फर्काउनुपर्नेमा जोड दिए।

# कांग्रेसको किचलोले कोशीमा मुख्यमन्त्री पाउन सकस

- कोशीमा मिलेर जानका लागि शेखरलाई राष्ट्रपति रामचन्द्र पौडेलले समेत समन्वयको प्रयास गरे
- शुक्रबार प्रदेश प्रमुखको कार्यालयमा पुगेकाहरूले धोका नदिए कार्कीलाई मुख्यमन्त्री बन्नबाट कसैले रोक्न सक्ने छैन
- कांग्रेस सभापति देउवा र प्रधानमन्त्री दाहालले केदार कार्कीलाई नै गठबन्धनका तर्फबाट मुख्यमन्त्री बनाउने प्रस्तावसमेत अघि सारेका थिए




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीभित्र विवाद सल्टाउन नसक्दा कोशीले शुक्रबार नयाँ मुख्यमन्त्री पाउन सकेन। संस्थापनइतरका नेता डा. शेखर कोइरालाले विद्रोह गरेर गठबन्धनको निर्णयविपरीत गएपछि देउवालाई विवाद सल्टाउन मुश्किल भएको हो।

कोशीमा कांग्रेससहितको गठबन्धनले नेकपा माओवादी केन्द्रका इन्द्र आङ्बोलाई मुख्यमन्त्री दिने निर्णय गरेको थियो। यता शेखर पक्षले भने कांग्रेसको यो निर्णय मान्य नहुने भन्दै विरोध गर्‍यो। शेखर पक्षबाट केदार कार्की मुख्यमन्त्रीको दाबेदारी निस्किएपछि सबैभन्दा ठूलो दल एमालेले उनैलाई समर्थन गर्ने निर्णय गर्‍यो।

एमालेको ३९ सिटसहित आठ जना कांग्रेस सांसदहरुको हस्ताक्षर लिएर केदार कार्की मुख्यमन्त्रीमा दाबी पेस गर्न बिहीबार नै पुगेका थिए। अहिलेको धाराअनुसार कोशीमा मुख्यमन्त्री बन्न ४७ जनाको हस्ताक्षर भए पुग्छ। कार्कीले यसै गरेपछि गठबन्धनले दिनभर कांग्रेसलाई मनाउने प्रयास गर्‍यो। देउवाले प्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहालसँग बिहानै भेटे। त्यसपछि पदाधिकारी बैठक राखे देउवाले। लगत्तै केन्द्रीय कार्यसम्पादन समितिको बैठक डाके। देउवा निवास धुम्बराहीमा डाकिएको बैठक कोरम नपुगेपछि बस्ने सकेन।

### शेखरलाई राष्ट्रपति र देउवाको फोन

कोशीमा मिलेर जानका लागि शेखरलाई राष्ट्रपति रामचन्द्र पौडेलसमेत लागेका छन्। पौडेलले दिउँसो संघीयता जोगाउनका लागि मिलेर जान आग्रह गर्दै फोन गरेका थिए। यसैगरी देउवाले ज्ञानेन्द्र कार्कीमार्फत शेखरसँग कुराकानी मिलाएका थिए। तर, कांग्रेसले माओवादीलाई नेतृत्व छाड्नै नहुने भन्दै आफू ब्याक नहुने जवाफ फर्काए। कोइराला टस न मस भएपछि देउवा गलेका थिए। त्यसपछि उनले केन्द्रीय कार्यसम्पादनको बैठक बोलाए। तर, बैठक भने बस्नै सकेन।

### केदारलाई नै गठबन्धनको उम्मेदवार बनाउन प्रस्ताव

देउवा र दाहाल शेखर समूहकै केदार कार्कीलाई सत्ता गठबन्धनको उम्मेदवार बनाउने प्रस्तावसमेत शेखरसामु राखे। तर, शेखरले यो विषयमा अस्वीकार गरे। विद्रोह गरेका शेखरलाई फकाउन दुई नेताले तीन प्रस्ताव गरेका थिए।

दाहाल र देउवाले कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा, सहमहामन्त्री भिष्मराज आङदाम्बे, प्रमुख सचेतक रमेश लेखक र नेता कृष्णप्रसाद सिटौला सहभागी बैठकमा तीन प्रस्ताव राखेका थिए। तर, कोइरालाले तीनवटै विकल्प अस्वीकार गरेपछि गठबन्धन संकटमा परेको छ।

(बाँकी पृष्ठ २ मा)

### आज सनाखत

कोशीमा अब मुख्यमन्त्रीको नियुक्तिका लागि सांसदहरुको सनाखत गरिने भएको छ। मुख्यमन्त्रीमा सत्ता गठबन्धनका तर्फबाट माओवादी केन्द्रका इन्द्र आङ्बो र नेपाली कांग्रेसका केदार कार्की दुवैले ४७/४७ सांसदको हस्ताक्षेर पेस गरेकाले नियुक्तिको निर्णयका लागि प्रदेश प्रमुख परशुराम खापुङले सनाखत गर्ने निर्णय लिएका हुन्।

सनाखतका लागि आज बिहान ८ बजेदेखि अपराह्न २ बजेसम्मको समय तोकिएको छ। प्रदेशसभाका सदस्यहरुलाई उक्त समयभित्र प्रदेश प्रमुखको कार्यालयमा उपस्थित हुन भनिएको छ। एमालेको समर्थनमा मुख्यमन्त्रीमा दाबी पेस गरेका कांग्रेसका कार्की आफ्नो पक्षमा हस्ताक्षर गर्ने सांसदहरुसहित शुक्रबार अपराह्न प्रदेश प्रमुखको कार्यालयमा पुगेका थिए।

कार्की आफूलाई नियुक्त गरिनुपर्ने भन्दै एमालेका प्रमुख सचेतक हिक्मत कार्कीसहित खापुङलाई भेट्न पुगेका थिए। यता केन्द्रमा कुरा मिलिसकेको थिएन। त्यसैले होला, खापुङले हस्ताक्षर सनाखत नगरी आफू निर्णयमा पुग्न नसक्ने जवाफ दिएका थिए। त्यसपछि कार्की र उनको पक्षमा हस्ताक्षर गरेका सांसदहरु प्रदेश प्रमुखको कार्यालयबाट बाहिरिएका थिए।

(बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# एनआरएनएमा चुनावी सरगर्मी

■ भीष्मराज ओझा

**काठमाडौं–** गैरआवासीय नेपाली संघ (एनआरएनए)को ११औं अन्तर्राष्ट्रिय महाधिवेशन यही असोज ३० देखि कत्तिक ३ गते (अक्टोबर १७ देखि २० तारिख)सम्म काठमाडौंमा हुँदै छ। स्थापनाकालदेखि नै प्रत्येक दुई वर्षमा महाधिवेशनमार्फत अन्तर ाष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरूको चयन गर्दै आएको एनआरएनएले ११औं महाधिवेशनलाई २०औं वर्षगाठ अवसरका रूपमासमेत मनाउँदै छ।




एनआरएनएको महाधिवेशन उद्घाटन राष्ट्रपतिबाट यही असोज ३० गते बिहान हुने तय भएको छ। सोही दिन अपराह्नदेखि कात्तिक १ गतेसम्म विश्व ज्ञान सम्मेलन हुने एनआरएनएका प्रवक्ता सोमनाथ सापकोटाले जानकारी दिए। सोही अवधिमा महिला र युवा विषयक सत्र पनि सञ्चालन हुने तय भएको छ। कात्तिक २ गते २४ घण्टा अनलाइनबाट मतदान हुने निर्वाचन कार्यतालिका छ। मतदानपछि समापन समारोह कात्तिक ३ गते साँझ प्रधानमन्त्रीले गर्ने भएका छन्।

एनआरएनएले पहिलोपटक अनलाइन माध्यमबाट मतदान गर्ने व्यवस्था गरेको छ। मतदान गर्न 'फेसियल भेरिफिकेशन' एप प्रयोग गरिने भएको छ। मतदान हुनु २४ घण्टाअघि सबै मतदातालाई यो एपको लिंक पठाइने छ। लिंक खोलिसकेपछि अनुहार देखाएर त्यस एपले अनुमति दिएपछि मात्र मतदान गर्न पाइने व्यवस्था गरिएको छ।

महाधिवेशनको तयारीका लागि यसअघि ५९ राष्ट्रिय समन्वय परिषद्मा निर्वाचन सम्पन्न भइसकेको थियो। उक्त निर्वाचनबाट महाधिवेशनका लागि जम्मा चार हजार २२७ अन्तर्राष्ट्रिय प्रतिनिधि निर्वाचित भइसकेका छन्। अनलाइन मतदान हुने भएकाले मतदाताले मतदान गर्नकै लागि महाधिवेशनस्थल नेपालमा आउनु पर्दैन तर उम्मेदवारले उम्मेदवारी दिन र उम्मेदवारका प्रस्तावक र समर्थकले भने सनाखतका लागि महाधिवेशनस्थल नेपाल अनिवार्य आउनुपर्ने छ। नेपाल आउने उम्मेदवार तथा अन्य मतदाताका लागि महाधिवेशनस्थलको निश्चित स्थानमा राखिएका कम्प्युटरमार्फत मतदान गर्ने व्यवस्था गरिएको उनले बताए। उम्मेदवार र अन्य मतदाता गरी एक हजार ५०० हाराहारीले महाधिवेशनस्थलबाट मतदान गर्ने अनुमान गरिएको छ।

सन् २००३ अक्टोबर ११ मा स्थापना भएको एनआरएनएमा हालसम्म उपेन्द्र महतो, जिवा लामिछाने, देवमान हिराचन, शेष घले, भवन भट्ट, कुमार पन्त, कुल आचार्य, रविना थापा र बद्री केसी गरी आठ जना अध्यक्ष भइसकेका छन्। एनआरएनएको दसौं महाधिवेशनको निर्वाचनमा विवाद भएपछि तीनजना अध्यक्ष रहने गरी सहमति गरिएको थियो। हालको समितिमा तीन अध्यक्ष कुल आचार्य, रविना थापा र बद्री केसीले छ-छ महिना कार्यकारी अध्यक्ष हुनेगरी सहमति गरेका थिए। *रासस*

### अध्यक्षमा पाँच जनाको उम्मेदवारी घोषणा

एनआरएनएको यस महाविधेशनमा हालसम्म अध्यक्षद्वय बद्री केसी र रविना थापा, उपाध्यक्षद्वय महेश श्रेष्ठ र आरके शर्मा एवं उपमहासचिव विनय अधिकारीले अध्यक्षमा उम्मेदवारी घोषणा गरिसकेका छन्।

एनआरएनए सचिवालयले महाधिवेशनको तयारीका लागि हालसम्म अन्तिम नामावली तयार गर्ने, कार्यक्रमस्थल र निर्वाचनतालिका सार्वजनिक गर्ने, निमन्त्रणा, मतदातालाई बास बस्नेलगायत तयारी गरिसकेको सञ्चार तथा वैदेशिक रोजगार अधिकृत इन्द्रलक्ष्मी घिमिरेले जानकारी दिइन्।

महाधिवशेनका लागि अधिवक्ता यादव ढुंगानाको संयोजकत्वमा पाँच सदस्यीय निर्वाचन समिति गठन गरिएको छ। बिहीबारदेखि उम्मेदवार दर्ता गर्न समय तोकिएको र उम्मेदवारी अनलाइनबाट पनि दिन मिल्ने व्यवस्था गरिएको उनले बताइन्। एक उम्मेदवारले दुई प्रस्तावक र दुई समर्थकसहित उम्मेदवारी दिनुपर्छ। उम्मेदवारी दिने अवधि असोज २७ गते (आज)सम्म तोकिएको छ। असोज २९ गतेसम्म उम्मेदवारले प्रस्तावक र समर्थकसहितको सनाखत महाधिवेशनस्थलमै उपस्थित भएर गरिसक्नुपर्ने निर्वाचन तालिका छ।

महाधिवेशनमा कूल ७४ जना अन्तर ाष्ट्रिय समन्वय परिषद्का पदाधिकारीका लागि निर्वाचन हुने छन्। सन् २००३ अगस्टमा लण्डनमा सम्पन्न गैरआवासीय नेपालीहरूको एक भेलामा व्यापक छलफल भई सोही वर्षको ११ अक्टोबरमा काठमाडौंमा पहिलो विश्व सम्मेलन आयोजना गरी एनआरएनए स्थापना गरिएको हो। गैरआवासीय नेपाली संघ, गैरआवासीय नेपालीसम्बन्धी ऐन २०६४ तथा नियमावली २०६६ अनुसार विधिवतरूपमा नेपाल सरकारको परराष्ट्र मन्त्रालयमा दर्ता भएको संस्था हो।

'नेपालीका लागि नेपाली' भन्ने मूलमन्त्र बोकेर आफ्नो स्थापनाको दुई दशक पूरा गरेको यस संस्थाले विश्वभरका करिब एक लाख नेपालीलाई संगठित गरी हाल विश्वका ८६ देशमा आफ्नो सञ्जाल विस्तार गरिसकेको छ। सार्क राष्ट्रबाहेकका अन्य देशमा राष्ट्रिय समन्वय परिषद्हरू गठन गरी अन्तर्राष्ट्रियस्तरमा नै स्थापित, संगठित र परिचालित हुनसक्ने नेपाली मूलको गैरसरकारी अन्तर्राष्ट्रिय सञ्जालको रूपमा आफूलाई विकसित गर्नसक्नु यस संस्थाको उपलब्धि हो।




# आयोगको काम कारबाही प्रभावकारी बनाउन निर्देशन

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समितिले राष्ट्रिय मानवअधिकार आयोगको काम कारबाही प्रभावकारी बनाउन पर्याप्त साधन, स्रोतको व्यवस्था गर्न सरकारलाई निर्देशन दिएको छ ।

शुक्रबार बसेको बैठकमा समिति सभापति बिमला सुवेदीले संविधान र कानुनले राष्ट्रिय मानवअधिकार आयोगलाई दिएको जिम्मेवारी एवं आयोगको काम–कारवाहीलाई प्रभावकारी बनाउन सरकारलाई निर्देशन दिएको बताइन् ।

बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ लाई परिमार्जन गर्न आफूले सहयोग गर्ने बताए ।

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले मानवअधिकार आयोगले जातीय भेदभावविरुद्ध राज्यका तीनवटै तहका सरकारलाई जिम्मेवार बनाउने प्रयास गरेको बताए । आयोगका सदस्य डा. सूर्यप्रसाद शर्मा ढुंगेलले राष्ट्रिय मानवअधिकार संस्थाको ग्लोबल संगठन (गानहारी)मा 'ए स्टाटस' प्राप्त गर्न सरकारले सहयोग गर्नुपर्ने बताए । आयोग स्थापनाकालदेखि 'ए स्टाटस' रहेको उल्लेख गर्दै उनले त्यसैलाई कायम राख्नुपर्नेमा जोड दिए ।

आयोगकी सदस्य लिली थापाले लैंगिक तथा अल्पसंख्यकहरूको अधिकार सुनिश्चित गर्नका लागि समितिले लैंगिक नीतिमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताइन् । आयोगका (कामु) सचिव मुरारीप्रसाद खरेलले आयोगले मानवअधिकारका विषयलाई मात्रै नहेरी वातावरणीय न्याय र डिजिटल अधिकार र सुरक्षालगायतका विषयमा पनि वकालत गरेको बताए ।

बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सन्तोष परियारले मानवअधिकार आयोगले आफ्नो गल्तीको ढाकछोप गर्न खोजेको आरोप लगाए । उनले निर्मला पन्तजस्ता विषयमा आयोगले केही चासो नदिएकामा दुःख व्यक्त गरे ।

सोही पार्टीकी सांसद सोविता गौतमले आयोगले गलत रिपोर्ट पेस गरेर जबर्जस्ती 'ए स्टाटस'मा आयोगलाई राख्न खोजेको आरोप लगाइन् । नेपाली कांग्रेसका सांसद जीवन परियारले दलित समुदायको विषयलाई मानवअधिकार आयोगले प्राथमिकता नदिएको बताए ।

# 'विपद् व्यवस्थापनमा सबै वर्गको अपरिहार्य'

**काठमाडौं (प्रस)–** उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले विपद् व्यवस्थापनमा सबैको साझा प्रयासको खाँचो रहेको बताएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अन्तर्राष्ट्रिय विपद् न्यूनीकरण दिवसका अवसरमा शुक्रबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा गृहमन्त्री श्रेष्ठले मानवीय कारणले धेरै समस्या सिर्जना भएको र मानवसिर्जित घटना बढिरहेकाले त्यसलाई घटाउन समाजका सबै वर्गको सामूहिक प्रयास अपरिहार्य भएको बताए । विपद् व्यवस्थापनलाई सरकारले विशेष ध्यान दिएको उनले बताए ।

प्राकृतिक विपत्तिका बेला अपांगता भएका व्यक्तिहरू जोखिममा पर्ने भएकाले उनीहरूलाई त्यसबाट जोगाउने सामुदायिकस्तरमा काम हुनुपर्नेमा मन्त्री श्रेष्ठले जोड दिए । 'सूचनाको माध्यमबाट प्रभावित परिवारलाई जोगाउनु पहिलो जिम्मेवारी हो । त्यसका लागि आवश्यक नीतिनिर्माण र प्रणालीको विकास गर्न जरुरी छ,' मन्त्री श्रेष्ठले भने ।

# पचली भैरवको जात्रा ४५ वर्षपछि पुनःस्थापना गरिँदै

**काठमाडौं–** विविध कारणले ४५ वर्षअघि बन्द भएको पचली भैरवको लिंगो ठड्याउने जात्रा यस वर्ष पुनःस्थापित हुने भएको छ ।

जात्राका लागि शुक्रबार साँखुमाथिको जंगलबाट लिंगोका लागि रुख काटेर ल्याइएको पचली भैरवका गुठियार कुमार रन्जितकारले जानकारी दिए । आश्विन शुक्ल चौथीका दिन दसैं आउन लागेको जानकारी दिन लिंगो ठड्याउने परम्परा मल्लकालदेखि सुरु भएको हो । लिंगो उठाउने साइत भने शनिबार गुरुजुले निकाल्ने पनि उनले बताए ।

विभिन्न कारणले साढे चार दशकअघि रोकिएको यो परम्परालाई पुनः सुरु गर्न रन्जितकार समुदायका युवा लागेको पनि गुठियार रन्जितकारले सुनाए । जात्राका लागि लिंगोको रुख काट्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वन तथा वातावरण मन्त्रालयलगायतका निकायबाट आदेश पूरा गरेर शुक्रबार राति लिंगो टेकु पुऱ्याइएको छ । आश्विन शुक्ल चौथीका दिन लिंगो उठाएपछि टेकुबाट सुरु गरी ब्रह्मटोल, ज्याबहाल, जैसीदेवल, लगन हुँदै हनुमानढोका दरबार क्षेत्रसम्म जात्रा हुने परम्परा रहेको छ । यी क्षेत्रमा आश्विन शुक्ल अष्टमीसम्म जात्रा गर्ने प्राचीनकालदेखिको परम्परा छ ।

अष्टमीका दिन दसैंको विशेष रौनक सुरु हुँदा लिंगो ढालिन्छ । मल्लराजा जयराम मल्लले यो जात्राको सुरुआत गरेको विश्वास गरिन्छ । उनलाई थकु जुजु भनी यो जात्राका क्रममा पूजा गर्ने गरिएको छ । *रासस*

## आज सनाखत...

पृष्ठ १ बाट जारी

माओवादी केन्द्रका आइबोले आफ्नो पक्षमा कार्कीकोसमेत हस्ताक्षर बुझाएका छन् । ९३ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४७ सांसद चाहिन्छ । शुक्रबार प्रदेश प्रमुखको कार्यालयमा पुगेकाहरुले धोका नदिए कार्कीलाई मुख्यमन्त्री बन्नबाट कसैले रोक्न सक्ने छैन । उनको पक्षमा एमालेका ३९ सांसदले हस्ताक्षर गरेका छन् । यस्तै कांग्रेसका सात सांसदले पनि कार्कीलाई मुख्यमन्त्री बनाउन हस्ताक्षर बुझाएका छन् ।

मुख्यमन्त्रीमा दाबी पेस गर्न प्रदेश प्रमुख खापुङले शुक्रबार साँझ ५ बजेसम्मको समय दिएका थिए । त्यो समयभित्र आइबो र कार्कीको मात्र दाबी पेस भएको छ । कार्कीलाई कांग्रेसका संस्थापनइत्तरका नेता शेखरले मैदानमा उतारेका हुन् । उनले एमाले अध्यक्ष केपी शर्मा ओलीले साथ दिने आश्वासन दिएपछि कार्कीलाई अगाडि सारेका हुन् ।

कोशीमा नौ महिनामा पाँचौपटक नयाँ सरकार गठन गर्न लागिएको हो । यसअघि एमालेका कार्की र कांग्रेसका उद्धव थापा दुई/दुई पटक मुख्यमन्त्री नियुक्त भएका थिए । तर, उनीहरु दुवै जना बहुमत जुटाउन नसकेर पदमुक्त भएका हुन् ।

दोस्रोपटक मुख्यमन्त्री नियुक्त भएका कार्की विश्वासको मत नपाउने देखेर एक साताअघि राजीनामा दिएका थिए । त्यसपछि प्रदेश प्रमुख खापुङले प्रदेशसभाका सदस्यलाई बहुमतसहित दाबी पेस गर्न शुक्रबार साँझसम्मको समय दिएका थिए ।

प्रदेशसभामा एमालेसँग उपसभामुखसहित ४०, कांग्रेससँग २९, माओवादी केन्द्रसँग १३, राप्रपासँग छ, नेकपा एकीकृत समाजवादीसँग चार र जनता समाजवादी पार्टीसँग एक सांसद छन् ।


## सूचना संसोधन सम्बन्धमा

**प्रकाशित मिति : २०८०/०६/२७**

सडक डिभिजन शिवपुर, कपिलवस्तुबाट मिति २०८०/०६/२६ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकको पेज नं. ७ मा प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा ठेक्का न. RDSPR/33701138/080/81/02 को Name of Successful Bidder सम्बन्धी विवरणमा M/S Arghakhanchi Gaire Construction Pvt.Ltd., Arghakhanchi को नाम हुनुपर्नेमा अन्यथा भएकोले संसोधन गरिएको छ ।

**डिभिजन प्रमुख**


## २५४ जनालाई...

पृष्ठ १ बाट जारी

'कानुनी प्रक्रिया पूरा गरी प्रत्येक शवको छुट्टाछुट्टै विवरण राख्नुपर्ने र हाल इजरायलमा शवको संख्या अत्यन्तै बढी भएकाले प्रक्रिया पूरा गरी शव हस्तान्तरणका लागि केही समय लाग्ने इजरायली पक्षले जनाएको छ । त्यसैले उनहरूको परिवार तथा आफन्तलाई केही समय धैर्यधारणा गर्न म अनुरोध गर्दछु,' उनले भने ।

हाल तेल अभिभबाट नियमितरुपमा व्यावसायिक हवाई उडान पनि सञ्चालन भइरहेकाले यसपटक कारणवश छुटेका नेपालीहरूलाई आवश्यकताअनुसार नेपाल सरकारले नेपाल फर्काउन व्यवस्था गर्ने उनको भनाइ छ ।

नेपाल ल्याइएका नागरिकहरूलाई विभिन्न गन्तव्यमा पुऱ्याउनका लागि विमानस्थलमा नेपाल प्रहरी तीनवटा बस तयारी अवस्थामा राखिएको थियो ।

## कांग्रेसको किचलोले ...

पृष्ठ १ बाट जारी

कोइरालासामु पहिलो प्रस्ताव कांग्रेस, माओवादीसहितको गठबन्धन जोगाएर जानुपर्ने भन्दै नेताहरुले मुख्यमन्त्रीमा कार्कीको दाबी फिर्ता गराउन र माओवादी संसदीय दलका नेता आङ्बोलाई समर्थन गर्न प्रस्ताव गरिएको थियो । त्यसलाई कोइरालाले तत्कालै अस्वीकार गरेपछि प्रधानमन्त्री दाहालले कांग्रेसले सर्वसम्मत नाम दिएमा कांग्रेसकै नेतृत्वमा सरकार बनाउने प्रस्ताव राखे । सभापति देउवाले पार्टीमा छलफल गर्दा सर्वसम्मत नाम दिन नसक्ने भन्दै शेखरलाई नै कांग्रेस कोशी संसदीय दलका नेता उद्धव थापा र एमालेसँग मिलेर मुख्यमन्त्रीमा दाबी पेस गरेका कार्कीबाहेकको नाम प्रस्ताव गर्न अ अस्वीकार गरिदिए ।

अन्तिममा नेताहरुले कार्कीलाई नै गठबन्धनका तर्फबाट मुख्यमन्त्री बनाउने प्रस्ताव राखे । एमालेको समर्थनमा हुन नहुने उनीहरूको सर्त थियो । त्यसमा शेखरको जवाफ थियो, 'अब गाह्रो छ ।' यता कोशी कांग्रेसको कार्यसम्पादन समितिको बैठकले भने केदारको पक्षमा पार्टीका सांसदहरुले गरेको हस्ताक्षर फिर्ता गर्न आग्रह गरेको छ ।


## कम्पनी अध्यावधिक, शेयर लगत तथा कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८०/०६/२७**

यस कम्पनीको मिति २०८०/०५/१० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **बिलकं ग्लोबल एजुकेशन कन्सल्टेन्सी प्रा.लि**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **कनेक्ट एजुकेशन कन्सल्टेन्सी प्रा.लि**. (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०५/१९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कनेक्ट एजुकेशन कन्सल्टेन्सी प्रा.लि**. **(प्रा.लि.नं.२९५३५९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रि सम्बधी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/०६/२७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ८२ को १२१०.६९ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा २.७५ चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**त्रिवेणी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–५, मकवानपुर**

## वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रि सम्बधी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/०६/२७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल, असना र जामुन जातको गोलिया थान १९३ को २५०१.१८ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा ७.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**त्रिवेणी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–१, मकवानपुर**

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : United Group Holding**

पूर्व स्वीकृति मिति २०८०/०६/२७ LT No. 294020 चलानी नं. ६०२०९१२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब UAE | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | dog handler/filling clerk/archive clerk/helper/dog | 200 | 0 | 1350 | ४८,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ४, ५, र ६ गते (21, 22 & 23th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Access Partners Nepal Pvt. Ltd.** Gov.Lic.No. : 1101/073/074

Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असोज २७ गते २०८०, शनिबार

**मेष** महिला वा मित्रबाट विशेष सहयोग पाइनेछ ।

**वृष** दाम्पत्य सुखले प्रसन्न र प्रफुल्लित भइनेछ ।

**मिथुन** अभिभावकको आशीर्वादले काम गर्नसक्छ ।

**कर्कट** अटेको र ताकेको कार्य पुरा होला ।

**सिंह** आज कुनै कुराले अनुहारमा चमक आउनेछ ।

**कन्या** राजनैतिक र सामाजिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** नजिकको व्यक्तिबाट धोका पाइला, सचेत रहनुहोला ।

**वृश्चिक** आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला ।

**धनु** काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**मकर** प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ ।

**कुम्भ** सवारी साधन चलाउँदा वा बाटो काट्दा होस राख्नुपर्छ ।

**मीन** आज सद्विचारले अभिप्रेरित हुनेहरूलाई विस्तारै लाभ हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असोज २७ गते, २०८०, १४ ओक्टुबर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.९० | १३३.५० |
| युरो | १ को | १४१.१४ | १४१.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | १६३.४१ | १६४.१४ |
| स्विस फ्रैन्क | १ को | १४७.७० | १४८.३७ |
| अस्ट्रेलियन डलर | १ को | ८५.१२ | ८५.५१ |
| क्यानाडियन डलर | १ को | ९७.७५ | ९८.१९ |
| सिंगापुर डलर | १ को | ९७.५५ | ९७.९९ |
| जापानी येन | १० को | ८.९१ | ८.९५ |
| चिनियाँ युआन | १ को | १८.२१ | १८.२९ |
| साउदी अरब रियाल | १ को | ३५.४३ | ३५.५९ |
| कतारी रियाल | १ को | ३६.४४ | ३६.६० |
| थाई भाट | १ को | ३.६८ | ३.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१८ | ३६.३५ |
| मलेसियन रिङेट | १ को | २८.२० | २८.३३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९९ |
| स्विडिस क्रोनर | १ को | १२.२२ | १२.२७ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०१ |
| हङकङ डलर | १ को | १६.९९ | १७.०७ |
| कुवेती दिनार | १ को | ४२९.९६ | ४३१.९० |
| बहराइन दिनार | १ को | ३५२.५१ | ३५४.१० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**निर्माणाधीन पक्की पुल** | पाल्पाको रामपुर नगरपालिका–१ र तनहुँको घिरिङ गाउँपालिका–१ स्थित कालीगण्डकी नदीको पुट्टारघाटमा निर्माण हुँदै गरेको पक्की पुल ।

*तस्बिरः सुशीला रेग्मी/रासस*

# उपल्लो मुस्ताङका बासिन्दालाई चीन जान अनुमतिपत्र

**म्याग्दी–** मुस्ताङका नेपाल-चीन सीमा क्षेत्रका दुई गाउँपालिकाका बासिन्दाका लागि प्रस्थान प्रवेश अनुमतिपत्र वितरण गर्न थालिएको छ । चीनको सिमानामा रहेका लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका बासिन्दालाई चीन प्रस्थान प्रवेश अनुमतिपत्र वितरण गर्न सुरु गरिएको जिल्ला प्रशासन कार्यालय मुस्ताङले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले स्थानीय तहको सिफारिसका आधारमा इलाका प्रशासन कार्यालय लोमान्थाङमा खटिएका प्रशासनका कर्मचारीले चीन प्रस्थान प्रवेश अनुमतिपत्रको आवेदन संकलन गरेको जानकारी दिए । 'मंगलबारदेखि आवेदन संकलन भइरहेको छ,' उनले भने, 'इलाका र जिल्ला प्रशासन कार्यालयमा अधिकृतस्तरका अन्य कर्मचारी नभएकाले म आफैं लोमान्थाङ पुगेर अनुमतिपत्रमा हस्ताक्षरण गर्ने तयारीमा छु ।'

प्रधानमन्त्री पुष्पकमल दाहालको भ्रमणका क्रममा चीनले कोरलालगायत नेपालका १४ व्यापारिक नाका खुलाउन तयार रहेको जनाएको थियो । कोरला नाका सञ्चालनको तयारी भएसँगै सीमा क्षेत्रका बासिन्दालाई प्रवेश अनुमतिपत्र वितरण गर्ने प्रक्रिया अघि बढाइएको हो । प्रवेशपास भएका नागरिक जुनसुकै समयमा पनि चीन जाने र आउने सुविधा पाउनेछन् । बोर्डर पास वितरणका लागि तीन कर्मचारीलाई सोमबार इलाका प्रशासन कार्यालय लोमान्थाङ पठाइएको थियो ।

'नाका खोल्ने निर्णय भए पनि मिति तय भइसकेको छैन,' प्रजिअ पन्तले भने, 'चिनियाँ सुरक्षा अधिकारीसँग बैठक र गृह मन्त्रालयसँग समन्वय गरेर जति सक्दो छिटो नाका सञ्चालन गर्ने तयारीमा छौं ।' कोरोना महामारी सुरु भएपछि कोरला नाकामा हरेक वर्षको दुईपटक सञ्चालन हुँदै आएको अन्तरदेशीय व्यापार मेला वि.सं. २०७६ देखि भएको थिएन । दसैंअघि नै व्यापार मेला आयोजना गर्ने मुस्ताङका सुरक्षा अधिकारी र जनप्रतिनिधिले पहल गरेका छन् ।

यही असोज ३ गते चिनियाँ दूतावासले पठाएको कूटनीतिक नोट गृह मन्त्रालयले मुस्ताङ प्रशासनलाई पठाएर नाका खोल्ने तयारी गर्न भनेको छ । प्रमुख जिल्ला अधिकारी पन्तले केही दिनमा नेपाल र चीनका अधिकारीबीच बैठक बस्ने तयारी भएको बताए ।

सन् १९६० को दशकमा चीनमा तिब्बत् गाभिएपछि तिब्बतका खम्पाहरू नेपाली भूमिको प्रयोग गरेर विद्रोहमा उत्रिएका थिए । सोही विद्रोहका कारण वि.सं. २०३२ देखि कोरला नाका आवतजावतमा कडाइ गरिएको थियो । वि.सं. २०५८ सम्म रोकटोक नरहेको सीमा २०५९ देखि चीनले तारबार गरेर मेलाबाहेकको अवधिमा बन्द गर्दै आएको छ ।

नाका सञ्चालन भएपछि मुस्ताङका बासिन्दालाई दैनिक उपभोग्य, निर्माण सामग्री, लत्ताकपडालगायत सामग्री सस्तोमा आयात गर्न पाउने अपेक्षा गरेका छन् । यसैगरी पश्मिना, जडीबुटी निकासी गर्न सकिने लोमान्थाङ गाउँपालिकाका-५ का वडाध्यक्ष ढुढुके विष्टले बताए । *रासस*

स्वास्थ्य बिमाका बिरामीले पाएनन् भर्ना

# अस्पतालका शयया भरिभराउ

**चितवन–** भरतपुरका दुई अस्पतालमा मात्रै स्वास्थ्य बिमाको सेवा हुँदा बिरामीले अस्पतालमा शयया (बेड) पाउन छाडेका छन् । दुई अस्पतालका शयया भरिभाउ भएपछि भर्ना पाउन छाडेका हुन् ।

यहाँको सरकारी भरतपुर अस्पताल र निजीस्तरको कलेज अफ मेडिकल साइन्सेसमा मात्रै स्वास्थ्य बिमामार्फत उपचार सुविधा छ । यी दुई अस्पतालमा बिरामीको चाप बढेपछि आकस्मिक (इमर्जेन्सी) र बहिरंगमासमेत बिरामीले भरिने गरेका छन् । चितवन मेडिकल कलेजसहित निजी अस्पतालमा भने बिरामीको चाप कम छ ।

भरतपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट प्रा.डा. कृष्णप्रसाद पौडेलले अस्पताल आएका बिरामीलाई भर्ना गर्न नसकेर फिर्ता गर्नु परेको बताए । उनले भने, 'हामीकहाँ आएका सेवाग्राहीहरूलाई शयया छैन भनेर भनिरहनु पर्दा अत्यन्त दुःखित छौं ।'

विगत केही दिनदेखि आकस्मिकदेखि सबै ६०० शयया प्रायः खाली नभएको उनले बताए । अस्पतालमा सघन उपचार कक्ष ३०, बाल सघन उपचार कक्ष छ, नवजात शिशु सघन उपचार कक्ष २० सबै भरिएका छन् ।

त्यस्तै, १० शययाको वृद्धवृद्धा वार्डको शयया शुक्रबारदेखि बढाएर १६ पुऱ्याइएको छ । ती शययाहरूमा पनि बिरामीको चाप छ । स्वास्थ्य बिमाका कारण बिरामी भरिएका हुन् । पौडेलले भर्ना भएका बिरामीको अस्पताल बसाइ कसरी कम गर्न सकिन्छ भन्ने बारेमा छलफल गरिएको बताए । उनले भने, 'सरकारी अस्पतालमा आएका बिरामी सके र भएसम्म फर्काउन नपरोस् भनेर हामी लागिपरेका छौं ।' अस्पतालमा ७० प्रतिशत चितवनका र बाँकी बाहिरी जिल्लाका बिरामी आउने गरेका छन् । बिमाका बिरामी ७० प्रतिशतभन्दा बढी छन् । दैनिक बहिरंग सेवामा दुई हजारभन्दा बढी बिरामी आउने गर्दछन् । यो संघीय अस्पताल हो ।

अस्पतालका स्वास्थ्य बिमा कार्यक्रम इन्चार्ज लीलाधर पौडेल दैनिक ४० जनाभन्दा बढी बिमाका बिरामी रिफर लिएर जाने गरेको बताउँछन् । अस्पतालमा शयया अभाव भएर, कतिपय सेवा लिन पालो कुर्नुपर्ने भएर र एमआरआई जस्ता सेवा अस्पतालमा नभएर रिफर माग्ने गरेको उनले जानकारी दिए ।

स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरेको कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पतालमा पनि बिरामी भरिभराउ छन् । त्यहाँसमेत बिरामीले भर्ना नपाएपछि दुःख पाइरहेका छन् । बिमाका बिरामी पहिलोपटक भरतपुर अस्पताल पुग्छन् भने त्यसपछि रिफर लिएर बिमा कार्यक्रम लागू भएको शिक्षण अस्पताल पुग्छन् । अन्य जिल्लाबाटसमेत बिमाका बिरामी रिफर भएर यहाँ आउने गरेका छन् ।

अस्पतालका अतिरिक्त निर्देशक डा. मनोहर प्रधानका अनुसार अस्पतालका सबै शयया भरिएकाले आएका सबै बिरामी भर्ना लिन सकिएका छैनन् । उनले भने, 'हाम्रा सबै शयया भरिएर केही बिरामी फिर्ता जाने गरेका छन् ।' शिक्षण अस्पतालमा ५५० शयया सञ्चालनमा छन् । तीमध्ये ९० वटा सघन उपचार कक्ष छन् । नवजात शिशुदेखि वृद्धवृद्धासम्मलाई उपचार गर्नका लागि सघन उपचार कक्ष अस्पतालमा छन् । ती सबै भरिएको उनले बताए ।

अस्पतालमा अधिकांश शयया भरिएका कारण सबै बिरामीलाई सेवा दिन नसकिएको उनले बताए । उनले भने, 'अहिले ज्वरोका बिरामी धेरै छन्, तीसँग अरू बिरामी पनि बढेकाले चाप बढेको हो ।' स्वास्थ्य बिमा गरेकाहरू सोही कार्यक्रमअन्तर्गत उपचार गर्न चाहन्छन् । आर्थिक रूपमा टेवा पुग्ने भएकाले सबैको रोजाइ बिमा कार्यक्रम हुने गरेको छ ।

मौसम परिवर्तनसँग मौसम ज्वरो, डेंगु, स्क्रबटाइफस लगायतका बिरामीको संख्या बढेको छ । पूर्वपश्चिम राजमार्ग, पृथ्वी राजमार्गलगायत भित्री सडकमा हुने दुर्घटनाका बिरामी पनि यहाँ अस्पतालमा आउने गर्दछन् । यहाँका अस्पतालमा चितवनसहित देशैभरबाट बिरामी आउने गर्दछन् । नजिकका जिल्लाहरूबाट स्वास्थ्य बिमा गर्दा नै पहिलो बिन्दु भरतपुर अस्पताल बनाउनेहरूको संख्यासमेत ठूलो छ । *रासस*

# विद्यालयलाई जग्गा खरिद गर्न ३० लाख अनुदान

**गोलबजार (सिरहा)–** सिरहाको भगवानपुर गाउँपालिका-२ गमहरियास्थित श्री आधारभूत विद्यालयलाई जग्गा खरिद गर्नका लागि ३० लाख रुपैयाँ अनुदान विनियोजन गरिएको छ ।

विद्यालयसँग एक कठ्ठा जग्गामात्र रहेकाले जग्गा अभावकै कारण कक्षाकोठा थप्न समस्या भएपछि चार कठ्ठा जग्गा खरिदका लागि गाउँसभाबाट आर्थिक वर्ष २०८०/८१ मा उक्त रकम विनियोजन गरिएको गाउँपालिका अध्यक्ष उग्रनारायण यादवले बताए । उनले विद्यालयको दयनीय अवस्था देखेपछि पहिलो चरणमा जग्गा प्राप्तिका लागि रकम विनियोजन गरिएको र जग्गा प्राप्त भएपछि विद्यालयको थप भवन बनाउने बताए ।

गाउँपालिका उपाध्यक्ष रेखा यादवले भने विद्यालय सञ्चालनमा रहेको ठाउँमा जग्गा अभाव भएकाले समस्या देखापरेको बताइन् । उनले चाँडै जग्गा खरिद प्रक्रियामा जाने बताइन् । उनले दरबन्दी अनुसार शिक्षा अधिकृत नहुँदा विद्यालयका शिक्षकलाई जिम्मेवारी दिएर काम गराउनुपर्ने बाध्यता रहेको गुनासो गरिन् । विद्यालय अनुगमन प्रभावित भइरहेकोसमेत उनको भनाइ छ ।

हुलाकी राजमार्गसँगै रहेको सो विद्यालय गाउँपालिकाको केन्द्रदेखि दुई किलोमिटर पश्चिममा रहेको छ । उक्त विद्यालय २०५० सालमा स्थापना भएको हो । विद्यालयसँग रहेको जग्गा हुलाकी सडकको विस्तारमा सडकमा परेपछि विद्यालयलाई समस्या भएको हो ।

सो विद्यालयमा दुई जना स्थायी शिक्षक, एक निजी स्रोत शिक्षक, एक बालविकास सहयोगी तथा एक कार्यालय सहयोगी गरी पाँच जना कार्यरत छन् । दुई कक्षा कोठामा बालविकाससहित ४ कक्षासम्म सञ्चालन रहेकामा सोही कोठामा विद्यालयको प्रशासनिक कार्य, जिन्सी सामग्री, दिवा खाजा कार्यक्रमको भान्सा, गोदामसमेत रहेको छ । कक्षा कोठा अभावले बालविकास, कक्षा १ लाई एउटै ठाउँमा र कक्षा २, ३ तथा ४ का विद्यार्थीलाई एउटै ठाउँमा राखेर कक्षा सञ्चालन गर्नुपरिरहेको विद्यालयका सूचना अधिकारी शिक्षक सञ्जयकुमार साहले बताए ।

सो विद्यालयमा बालविकास कक्षामा २२ तथा कक्षा १ मा ४६, २ मा ३१, ३ मा २३ र ४ मा २५ जना गरी जम्मा १४७ विद्यार्थी अध्ययनरत छन् । त्यसमा २०८० असोज १६ गते मंगलबार ८० विद्यार्थीको मात्र उपस्थिति थियो । सबै विद्यार्थीलाई बस्न बेञ्चको अभाव छ भने चिसो भूइँमा विद्यार्थीलाई बस्नुपर्ने बाध्यता रहेको छ । *रासस*

# अख्तियारमा तनहुँबाट धेरै उजुरी

**दमौली (तनहुँ)–** गण्डकी प्रदेशस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा तनहुँबाट धेरै उजुरी परेका छन् । प्रदेशका ११ जिल्लामध्ये एक वर्षको अवधिमा कास्की पहिलो र तनहुँ दोस्रो धेरै उजुरी पर्ने जिल्लाका रुपमा रहेका आयोगको कार्यालयले जनाएको छ ।

तनहुँमा आर्थिक वर्ष २०७९/८० मा १९४ उजुरी परेका छन् । गत आवमा आव २०७८/७९ बाट जिम्मेवारी सरी आएका थप ६५ उजुरी थपिएका थिए । कूल २५९ मध्ये उक्त अवधिमा १८८ उजुरी फर्स्योट भएका आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिए । उनका अनुसार प्रदेशमा धेरै उजुरी पर्नेमा कास्की पहिलो र तनहुँ दोस्रो स्थानमा छन् ।

कास्कीबाट एक वर्षको अवधिमा ५८६ उजुरी परेको थियो । अघिल्लो वर्षको सरी आएका १७४ सहित ७६० उजुरी रहेकामा ५३७ उजुरी फर्स्योट भएका आयोग कार्यालयले जनाएको छ । प्रवक्ता दाहालका अनुसार गोरखामा १४० मध्ये १०६, मनाङमा २४ मध्ये १८, मुस्ताङमा २५ मध्ये १६, म्याग्दीमा ९४ मध्ये ७१, लमजुङमा ६९ मध्ये ५२, नवलपुरमा १४४ मध्ये ९३, पर्वतमा १८३ मध्ये १२५ र बागलुङमा १५७ उजुरी रहेकामा ११९ फर्स्योट भएका छन् ।

आयोगमा प्रदेशका जिल्लाबाट घिल्लो वर्षकोसहित गत वर्ष कूल दुई हजार १८ उजुरी दर्ता भएकामा एक हजार ४३७ फर्स्योट भएका आयोगले जानकारी दिएको छ । आयोगमा अधिकांश उजुरी स्थानीय तहका पर्ने गरेका छन् ।

स्थानीय तहले नदीजन्य वस्तुको निकासी तथा जथाभावी दोहन, दोहोरो/तेहोरो भुक्तानी र बिना काम भुक्तानी, घर नक्सा तथा बाटो, अन्य सिफारिसमा अनियमितता, करारमा कर्मचारी नियुक्ति गर्दा अनियमितता, जथाभावी भत्ता सुविधा लिने, नक्कली बिल भरपाई बनाइ भुक्तानी दिने, ठेकेदार र प्राविधिकसँग अवाञ्छित गतिविधिलगायत विषयमा उजुरी पर्ने गरेका प्रवक्ता दाहालले बताए । उनका अनुसार आयोगमा तनहुँका दशवटै पालिकाका उजुरी परेका छन् । अख्तियारमा मापदण्डविना कार्यक्रम सञ्चालन, गुणस्तरीय काम नभएकोलगायत विषयमा धेरै उजुरी परेका दाहालले जानकारी दिए ।

स्वीकृत कार्यक्रमको लागत अनुमान, कार्यविधि, मापदण्ड नबनाई कानुनी आधारविना कार्यक्रम सञ्चालन, ठेक्कामा गएका पूर्वाधार आयोजनाको समय र लागतमा वृद्धि, कानुन बमोजिम गठित विभिन्न अनुगमन तथा समितिको काम कारबाही र अनुगमन फितलो देखिएको, अनुगमनकर्ता अनुगमनका सूचक र विधिबारे जानकार नभई अनुगमन गर्ने गरेको, अनुगमनबाट प्राप्त निष्कर्ष योजना निर्माणमा समायोजन नगरिएको, कतिपय आयोजना छनोट कार्यको आवश्यकता र औचित्य पुष्टि हुन नसकेको, दोहोरो कर लिने गरेको, सरकारी, सार्वजनिक जग्गा अतिक्रमण बढेको, सरकारी उपयोगिता न्यून देखिएको, जमिनको संरक्षण गर्दै अतिक्रमण हटाउने कार्य निष्प्रभावी रहेको, रुग्ण आयोजना कार्यान्वयनमा सम्बन्धित निकायले चासो नदेखाएकोलगायत विषयमा बढी उजुरी पर्ने गरेको आयोग कार्यालयले जनाएको छ । *रासस*


## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Career International Services (P) Ltd. (ई.प.नं.६४६/०६३/०६४)मा **माठीभक्त पुन** (ना.प्र.नं. १७(०१५)/१०५) ले यस प्रा. लि. मा Liaison/PR Officer पदमा काम गर्दै आउनु भएको र निजको व्यक्तिगत काम विशेषको कारण यस संस्थाबाट हटाईएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात)** दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

License No.: 646/063/064

**Career International Services (P.) Ltd.**
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बधी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/०६/२७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल, असना र चिलाउने जातको गोलिया थान १०२ को १९०५.८९ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा २.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**पशुपति सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–७, मकवानपुर**

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ALI BIN ISSA BIN MUHAMMAD AL YAHYA FOUNDATION FOR MAINTENANCE AND FINISHING**

पुर्व स्वीकृति मिति २०८०/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२६ | LT. No. 284866 | चलानी नं. ६०२००२७५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Heavy Equipment Driver | 1 | 0 | 1800 | ६३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,९०५ | | | | | | | |
| 3 | Mini Truck Driver | 1 | 0 | 1800 | ६३,९०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ४ गते (21st Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SHI WEI FU RESTAURANT SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/०१/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२६ | LT. No. 285409 | चलानी नं. ६०२००८११

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Crew Restaurant | 8 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ४ गते (21st Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## फ्रि भिषा !! फ्रि टिकट !!
## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MERRYFARI CHAIR SYSTEM SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०४/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२६ | LT. No. 268616 | चलानी नं. ६०१८४४१६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ४ गते (21st Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd** (श्रम ईजाजत नं. १४०४/०७४/०७५)
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net

# ओझेलमा पर्दै स्थानीय सीप



पहिले–पहिले गाईभैँसी, भेडाबाख्रा चराउन जंगल जाने, दिनभर निगालोको चोयाबाट डाला, नाङ्ला र डोको बुन्ने गर्थे । महिना दिन लगाएर बुनेका डाला नाङ्ला एकै दिनमा बिक्री हुन्थे । त्यसबाट मनग्ये आम्दानी हुन्थ्यो । अहिले प्लास्टिकका सामग्रीले चोयाका सामान विस्थापित गरिदिएको छ । प्रविधिको बढ्दो विकाससँगै स्थानीय परनिर्भर बन्दै गएका छन् ।

▶▶ डम्मर बुढामगर

ढोरपाटन (बागलुङ)- पछिल्लो समय प्रविधिको विकास भएसँगै चोयाबाट बनेका डाला, डोका, नाङ्लोलगायत सामग्री बिक्न छोडेका छन् । आधुनिक प्रविधिबाट बनेका सामग्रीको प्रयोगका साथै परनिर्भर बन्दा स्थानीय सीप ओझेलमा पर्न थालेका हुन् ।

'पहिले-पहिले गाईभैँसी, भेडाबाख्रा चराउन जंगल जाने, दिनभर निगालोको चोयाबाट डाला, नाङ्ला र डोको बुन्ने गर्थ्यौं । महिना दिन लगाएर बुनेका डाला नाङ्ला एकै दिनमा बिक्री हुन्थे । त्यसबाट मनग्ये आम्दानी हुन्थ्यो,' ढोरपाटन-९ का ८३ वर्षीय लिलबहादुर घर्तीमगरले भने । उनले आफ्नो युवा उमेरमा चोयाबाट थुप्रै किसिमका सामग्री बनाएर बिक्री गरेको स्मरण गर्दै अहिले प्लास्टिकका सामग्रीले चोयाका सामान विस्थापित गरिदिएको बताए ।

अहिले आफ्नै घरमा पनि प्लास्टिकका नाङ्लो र गाग्री प्रयोग गर्न थालेको घर्तीमगरको भनाइ थियो । प्रविधिको बढ्दो विकाससँगै स्थानीय परनिर्भर बन्दै गएका उनले बताए ।

आफ्नो पालामा नुन, भाँडाकुँडा र लत्ताकपडाबाहेक अन्य सामान बाहिरबाट नल्याएको स्मरण गर्दै पछिल्लो समय गाउँमा सबैले आयातीत सामान प्रयोग गर्ने गरेका घर्तीमगरको भनाइ थियो । अहिले पनि केही बूढापाकाले चोयाबाट सामग्री बनाउने गरेका भन्दै उनले आधुनिक सामग्रीको प्रयोगका कारण ती बिक्री नहुने बताए । 'दसैं, माघेसंक्रान्ति र चैते दसैंका बेला दर्जनौं डोको, नाङ्लो बोकेर बजारमा बिक्री गर्न जाने गरिन्थ्यो । फर्किंदा घरमा चाहिने सामान लिएर आउथ्यौं,' घर्तीमगरले स्मरण गरे ।

स्थानीय प्रेमबहादुर सुनारले आफू ११ वर्ष हुँदादेखि डालो, नाङ्लो बुन्दै आएको सुनाउँदै अहिले पनि बुन्ने गरेको बताए । पहिले एकै सिजनमा डेढ लाख रुपैयाँको चोयाका सामग्री बेच्ने गरेकामा अहिले बिक्री नै हुन छाडेको उनको भनाइ थियो ।

बाउ, बाजे र काकाबाट मान्द्रो, डालो, नाम्लो, दाम्लो र नाङ्लो बुन्न सिकेको भन्दै नयाँ पुस्ताले यसप्रति चासो नदेखाउँदा सीप हस्तान्तरण हुन नसकेको सुनारले गुनासो गरे । बूढापाकाको हातखुट्टा चल्न छाडेपछि स्थानीयस्तरमा भएका कला, सीप र संस्कृति लोप भएर जाने खतरा बढेको उनको भनाइ छ । एक दशकदेखि गाउँमा प्लास्टिकका भाँडाकुँडा र डालो, नाङ्लो पुगेपछि चोयाबाट बुनेका सामान प्रयोग गर्न छोडेका उनले जानकारी दिए ।

चोयाबाट बनेका डालो, नाङ्लो, डालोलगायत सामग्री प्लास्टिकको तुलनामा निकै बलियो हुने बताउँदै सुनारले स्थानीय उत्पादनभन्दा आयातीत सामानप्रति आकर्षण बढी भएकाले मौलिक सीपबाट बनेका सामानले बजार नपाएको गुनासो गरे । डालो, नाङ्लो वनमा गएर गजिङ, मालिङका चोया निकालेर बुन्न निकै समय लाग्ने भन्दै बजार नपाउँदा आफूहरूको मेहनत खेर गएको उनले दुःखेसो पोखे ।

'अहिले ७० वर्षको भएँ । अझै पनि हातमा सीप छ । दिनभरि लगाएर सामान बुन्ने हो, बिक्री नहुँदा दुःख लाग्छ । अहिले वर्षभरि ५० हजार रुपैयाँको सामान बेच्न पनि मुस्किल हुन्छ,' सुनारले भने, 'हाम्रा पालामा मानापाथी चल्थे । अहिलेको जस्तो एक किलो, दुई किलो भन्ने थिएन । व्यापारीले पाँच मानादेखि १० पाथीसम्मका ठाला राख्थे, मेला महोत्सवमा पनि धेरै सामान बिक्थे ।'

बडिगाडका होमबहादुर सिञ्जालीले पहिले बिस्कुन सुकाउन, गोठ छाउनका लागि चोयाका मान्द्रो, बलाङ प्रयोग गर्ने गरेको भन्दै अहिले प्लास्टिकका त्रिपाल बढी चल्ने गरेको बताए । उतिबेला गोठालाले लेक, बेँसीमा गोठा हाल्दा चोयाकै बलाङले छाउने गरे पनि अहिले लेकका टुम्पासम्म पानीकागज र त्रिपाल पुग्न थालेको उनको भनाइ थियो ।

सिञ्जालीले पहिले गाउँका अधिकांश स्थानीयले अल्लो, भेडाको ऊन, भाँगोको लोक्ताबाट कपडा बनाउने गरेकोमा अहिले त्यो प्रचलन नै हराएको बताए । उनले भने, 'दशौं वर्ष अगाडिका धेरै चालचलन र सीप अहिले हराउँदै गएका छन् । गाउँ र बस्तीमा मोटर गुड्न थाले । मोटर गाडीले सहरबजारका सामान सर्लक्कै गाउँ ल्याउँछ । ती सामान देख्दा राम्रो भए पनि हाम्रा जमानाका जस्ता बलियो र गुणस्तरीय हुँदैनन् । अबको केही वर्षपछि डालो, नाम्लो केही देख्न पाइने छैन ।' *रासस*



# दृश्यावलोकनसँगै वनस्पति र वन्यजन्तु अनुसन्धानको केन्द्र बन्दै भैंसेगौंडा

▶▶ वासुदेव पौडेल

**गण्डकी–** स्याङ्जाको पुतलीबजार नगरपालिका-२ स्थित भैंसेगौंडा यस क्षेत्रको प्राचीन बस्ती हो । उत्तरतर्फ आँखा जुधाएर हेर्न सकिने चाँदीजस्तै टलक्क टल्कने हिमाल, वरपर ढपक्कै ढाकिएको वनजंगल एवं मनोरम प्रकृति र संस्कृति यहाँको विशिष्टता हो ।

तनहुँको दुलेगौंडादेखि स्याङ्जाको रामबाछा जोडिने ७२ किलोमिटर दूरीको सहस्राब्दी पदमार्ग (मिलेनियम ट्रेक)को लगभग बीच भागमा पर्ने भएका कारण यहाँको गरिमा र महत्त्व अझै चुलिएको छ । प्रकृतिको वरदान पाउको भैंसेगौंडा यहाँका प्राचीन मौलिक संस्कृतिले पनि उत्तिकै सम्पन्न रहेको स्थानीय समाजसेवी मिलेनियम भैंसेगौंडा सामुदायिक होमस्टेका अध्यक्ष बालकुमार गुरुङ बताउँछन् ।

प्राकृतिक सम्पन्नताकै कारण पछिल्लो समयमा यो ठाउँ वनस्पति र वन्यजन्तु अनुसन्धानको केन्द्रका रूपमासमेत विकास हुँदै गएको उनले बताए । यहाँका प्राकृतिक विधिताकै कारण प्रकृतिका साथीहरू नामक संस्थाले विभिन्न छवटा शृंखलामा यसै ठाउँमा वन्यजन्तु अनुसन्धान विधि तालिम सञ्चालन गरिसकेको उनले जानकारी दिए ।

वन्यजन्तु अनुसन्धान तालिमका क्रममा यस स्थानमा १७४ प्रजातिका चरा भेटिएको प्रकृतिका साथीहरू संस्थाका निर्देशक राजु आचार्यले जानकारी दिए । आचार्यका अनुसार यस क्षेत्रमा ५७ प्रजातिका पुतली र १४ प्रजातिका स्तनधारी प्राणी फेला परेका छन् ।

'वनस्पति र वन्यजन्तुको अध्ययन एवं अनुसन्धानका लागि भैंसेगौंडा अत्यन्त उपयुक्त स्थल हो,' उनले भने, 'नेपालमामात्रै पाइने चरा काँडे भ्याकुरदेखि नेपालमा मात्रै पाइने चमेराका प्रजाति पनि यही ठाउँमा भेटिएका छन् ।' प्राकृतिक रूपमा भैंसेगौंडा आफैंमा सम्पन्न क्षेत्र भएकाले प्रकृतिका साथीहरूको रोजाइमा यो ठाउँ परेको बताउँदै उनले यस स्थललाई वनस्पति एवं वन्यजन्तु अनुसन्धानका केन्द्रका रूपमा विकास गर्न सकिने बताए ।

तालिममा सहभागीलाई जंगलमा रहेका चरा, पुतली एवं स्तनधारी प्राणीको पहिचान, तिनको अनुसन्धान विधिलगायत वन्यजन्तुका विषयमा जानकारी दिने गरिएको उनले बताए । प्रकृतिका साथीहरूको छैटौं चरणका वन्यजन्तु अनुसन्धान तालिमका साथै उक्त संस्थाका माध्यमबाट यो ठाउँ वनस्पति एवं वन्यजन्तु अनुसन्धान तालिमका लागि उपयुक्त ठहरिनुलाई आफूहरूले यसलाई महत्त्वका साथ हेरेको होमस्टेका अध्यक्ष गुरुङ बताउँछन् ।

प्रकृति र संस्कृतिले सम्पन्न भैंसेगौंडालाई वनस्पति एवं वन्यजन्तु अनुसन्धानका केन्द्रका रूपमासमेत स्थापित गर्ने आफूहरूको लक्ष्य रहेको जनाउँदै उनले यसको सम्भावना र महत्त्वलाई पनि प्रवर्द्धन गरिने बताए । 'प्रकृतिका साथीहरू संस्थाले अनुसन्धान विधि तालिमका क्रममा फेला परेका चरा, स्तनधारी प्राणी एवं पुतलीलगायतका प्रजातिको विवरण समेटेर हामी चाँडै नै पुस्तक प्रकाशन गर्ने सोचमा छौं,' उनले भने, 'यहाँको महत्त्वलाई उजागर गर्ने गरी वनस्पति एवं वन्यजन्तुको अध्ययन अनुसन्धानका लागि यो ठाउँलाई खुल्ला विश्वविद्यालयका रूपमा स्थापित गर्ने हाम्रो दीर्घकालीन लक्ष्य छ ।'

यहाँ आउन चाहने पर्यटक एवं वन्यजन्तु तथा वनस्पतिको अध्ययन गर्ने अध्येता जो कोहीलाई बस्नखानका लागि मिलेनियम भैंसेगौंडा सामुदायिक होमस्टेले सेवा प्रवाह गर्दै आएको जनाउँदै उनले समयमा ठाउँठाउँबाट आन्तरिक तथा बाह्य पर्यटक होमस्टेमा आउने गरेको जानकारी दिए । होमस्टेमा दैनिक २० जनासम्म पर्यटकलाई राख्न सकिने व्यवस्था छ ।

नेपालमामात्रै पाइने काँडे भ्याकुरका साथै चीन, मंगोलियालगायतका स्थानबाट बसाइँ सर्ने सिकारी प्रजातिका चराहरू पनि यही स्थान भएर नेपालको तराईका साथै भारततिर जाने भएकाले चरा अध्ययनका लागिसमेत यो महत्त्वपूर्ण गन्तव्य रहेको पोखरा पक्षी समाजका अध्यक्ष मनशान्त घिमिरेले बताए । हिउँदको समयमा भैंसेगौंडा र आसपासका विभिन्न स्थानमा ठूलै संख्यामा हिमाली चराहरूसमेत देख्न सकिने उनले बताए ।

तनहुँ र स्याङ्जाका विभिन्न भागलाई जोड्ने कूल ७२ किलोमिटरअन्तर्गत रहेको सहस्राब्दी पदमार्गको ५२ किलोमिटर वनजंगल क्षेत्रमा पर्ने भएकाले चराचर, पर्यावरणलगायत वन्यजन्तु र वातावरणसम्बन्धी अध्ययन तथा अनुसन्धानका लागि यो आकर्षक गन्तव्यका रूपमा विकास हुँदै गएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङ बताउँछन् । पछिल्लो नक्सांकनबाट सहस्राब्दी पदमार्गलाई पोखरा महानगरपालिकासँग पनि जोडिएको छ । यहाँबाट देखिने अन्नपूर्ण, धवलागिरि लगायतका हिमशृंलाका साथै पहाडी दृश्यावलोकनले पनि पर्यटकहरू लोभिने गरेको उनले बताए । *रासस*

तनहुँ र स्याङ्जाका विभिन्न भागलाई जोड्ने कूल ७२ किलोमिटरअन्तर्गत रहेको सहस्राब्दी पदमार्गको ५२ किलोमिटर वनजंगल क्षेत्रमा पर्ने भएकाले चराचर, पर्यावरणलगायत वन्यजन्तु र वातावरणसम्बन्धी अध्ययन तथा अनुसन्धानका लागि यो आकर्षक गन्तव्यका रूपमा विकास हुँदै गएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङ बताउँछन् । पछिल्लो नक्सांकनबाट सहस्राब्दी पदमार्गलाई पोखरा महानगरपालिकासँग पनि जोडिएको छ ।



**रक्तदानमा सुरक्षाकर्मी** | कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरद्वारा ६८औं प्रहरी दिवस-२०८० को अवसरमा शुक्रबार विराटनगर-९ स्थित महेन्द्र चोकमा आयोजित खुला रक्तदान कार्यक्रममा रगत दान गर्दै नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना । *तस्बिरः मनोज दाहाल/रासस*

# कर्णाली प्रदेशलाई पूर्णखोपयुक्त प्रदेश घोषणा

## ३४ हजार छ सय ७१ बालबालिकाले लगाए खोप

■ प्रभाव संवाददाता

**कर्णाली–** कर्णाली प्रदेशलाई 'पूर्णखोपयुक्त प्रदेश' घोषणा गरिएको छ । कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालयद्वारा शुक्रबार आयोजित 'पूर्णखोपयुक्त प्रदेश घोषणासभा' समारोहमा सामाजिक विकासमन्त्री खड्गबहादुर पोखरेलले पूर्णखोप प्रदेश घोषणा गरेका हुन् ।

'स्थानीय स्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्णखोपयुक्त सुनिश्चितता हाम्रो प्रतिबद्धता' भन्ने नारासहित मन्त्री पोखरेलले 'पूर्णखोपयुक्त कर्णाली प्रदेश' घोषणा गरे । सो अवसरमा उनले सिंगो प्रदेशलाई पूर्णखोपयुक्त बनाउन अहोरात्र खट्ने स्वास्थ्यकर्मीलाई धन्यवाद ज्ञापन गरे ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागकी महानिर्देशक डा. संगीता मिश्र भौगालिक अवस्थाले कठिन भए पनि पूर्णखोपयुक्त बनाउन सक्नु महत्त्वपूर्ण उपलब्धि भएको बताए । उनका अनुसार अहिलेसम्म ७२ जिल्ला र तीन प्रदेश पूर्णखोपयुक्त घोषणा गरिएको छ । कर्णाली अब पूर्णखोपयुक्त घोषणा हुने चौथो प्रदेश भएको छ ।

यहाँका दश जिल्लाका ३४ हजार ६७१ बालबालिका सबैले खोप लगाएपछि 'पूर्णखोपयुक्त कर्णाली प्रदेश' घोषणा गरिएको स्वास्थ्य सेवा निर्देशनालय सुर्खेत निर्देशक डा. रविन खड्काले जानकारी दिए । उनले खोप लगाउन छुटेकालाई पनि खोजी गरी खोप लगाउन सुझाउने बताए ।

कर्णालीको दैलेख वि.सं. २०७४, सुर्खेत २०७५, जुम्ला, मुगु, कालीकोट, जाजरकोट, रुकुमपश्चिम र सल्यान २०७९ मा तथा डोल्पा र हुम्ला २०८० मा पूर्णखोपयुक्त जिल्ला घोषणा गरिएको थियो । घोषणासभामा जिल्ला समन्वय समिति सुर्खेत र मुगुका प्रमुखद्वय गंगाराम सुनार र मञ्जन कार्कीले खोप कार्यक्रमलाई प्रभावकारी बनाउन सुझाव दिएका थिए ।

## नेपालगञ्जका मूर्तिकारलाई भ्याइनभ्याइ

# भारतीय मूर्ति विस्थापित गराउँदै

**राँझा (बाँके)–** नवदुर्गाका आकर्षक मूर्ति नेपालगञ्जमै निर्माण हुन थालेपछि भारतीय सीमावर्ती बजार जानुपर्ने बाध्यता हटेको छ । दसैंको नवदुर्गामा नेपालगञ्जका टोलटोलमा स्थापना गरिने दुर्गा भवानीका मूर्ति पछिल्लो समय स्थानीय कालीगढले नेपालगञ्जमै निर्माण गरेर बिक्री वितरण गर्न थालेका छन् ।

नेपालगञ्ज-८ का छोटु केवटलाई अहिले मूर्ति बनाउन भ्याइनभ्याइ छ । नगरभवन सामुन्नेमा अस्थायी टहरा निर्माण गरेर उनले एक महिनादेखि मूर्तिको काम गर्दै आएका छन् । घटस्थापनाको दिनसम्म माग आएका सबै मूर्ति तयार गरिसक्नुपर्ने भएकाले यतिबेला दिनरात काम भइरहेको उनले बताए । 'तीस-पैतीस जति मूर्ति तयारी अवस्थामा छन् अरु त्यत्ति तयारी हुँदै छ, अहिले कामले भ्याइनभ्याइ छ,' कलाकार केवटले भने, 'आजभोलि मूर्ति किन्न भारत जानुपर्दैन नेपालगञ्जमै ठाउँठाउँमा बन्ने गरेका छन् ।'

उनका अनुसार, सामान्य काठ, सुथरी, पराल र माटोको मिश्रणले मूर्ति बनाउने गरिन्छ । तर, मूर्तिको सजावटका सामग्री भने भारतीय बजारबाटै आयात गरिन्छ । दसैंको समयमा केही मूर्ति बनाउन अर्डर आउँछ भने केही आफैं बनाएर बिक्री गर्ने गरिएको छ ।

बाँकेको जानकी गाउँपालिका-६ कैरातीपुर निवासी राजकुमार हरिजनको दैनिकी माटोसँगै बित्छ । दिनरात उन माटोबाट भगवान्का विभिन्न आकृति बनाउन व्यस्त छन् । नेपालगञ्ज-कोहलपुर सडकको किनारमा निर्मित अस्थायी टिनको टहराभित्र र बाहिर यतिबेला बन्दै गरेका भगवान्को आकृति भरिभराउ छन् । सानै उमेरदेखि मूर्ति बनाउने काम गर्दै आएका उनको यो पुर्ख्यौली पेसा हो ।

बाँकेको जानकी गाउँपालिकाबाहेक सदरमुकाम नेपालगञ्जमा पनि तीन चार ठाउँमा व्यावसायिक रुपमा माटोबाट भगवान्को मूर्ति बनाएर बिक्री वितरण हुने गरेको छ । दसैं नजिकिँदै जाँदा मूर्तिकारको दैनिकी व्यस्त भएको छ । अहिले माटोको मूर्ति बनाउन भ्याइनभ्याइ छ । तराईमा-दसैंको बेला घटस्थापनाका दिनदेखि टोल-टोलमा माटोबाट बनेका भगवान्को मूर्तिमा पूजा गर्ने चलन छ ।

'पहिला घरमा सानो-सानो मूर्ति बनाउँथ्यौं पछि ठूलो बनाउन लागेँ । दुर्गा मातालगायत सबै प्रकारको मूर्ति बनाउने गरेको छु' हरिजनले भने, 'नवरात्रको बेला सिजन हो । पराल, बाँस, माटो, काठ किल्ला, डोरी लाग्छ । मिहेनत धेरै छ ।'

उनका अनुसार २० देखि २५ हजार रुपैयाँको एउटा मूर्ति बिक्री गर्दा चारदेखि पाँच हजार रुपैयाँसम्म नाफा हुने गर्दछ । हरिजनले आफूजस्तै अन्य छ जनालाई रोजगारीसमेत दिएका छ । उनीहरूले १० हजारदेखि २० हजार रुपैयाँसम्म पारिश्रमिक पाउने गरेका छन् । नेपालगञ्ज उपमहानगरपालिका-८ रानी तलाउ नजिकै मूर्ति बनाउँदै आएका सन्दीपकुमार वंशकारले डेढ महिनाअघिदेखि माटोबाट तयार पारिएका देवीदेवताको आकृतिमा यतिबेला रङरोगन गर्न भ्याइनभ्याइ भएको बताए ।

उनका अनुसार, यतिबेला कालीगढ मूर्तिरुमा देवदेवीका वाहन र उनीहरूले प्रयोग गर्ने अस्त्रको रङरोगनमा व्यस्त छन् । दुर्गा, लक्ष्मी, गणेश, कार्तिके, बाघ, मुसा, राँगा, सर्प र देवीदेवताका मूर्ति तयार भएका छन् ।

दुर्गा भगवती, बाघ, भैंसी, राक्षस, गणेश, लक्ष्मी, कार्त्तिकेलगायतका मूर्ति बानउनका लागि एक महिना अगाडि बुक गर्ने गरेको वंशकारले जानकारी दिए । मूर्तिका लागि चाहिने औजार र सजावटका सामग्री भारती बजार रुपैडिहाबाट खरिद गरी ल्याउने गरिएको छ । बाँकेको सदरमुकाम नेपालगञ्ज, कोहलपुर, जानकी, खजुरा, डुडुवा, नरैनापुरमासमेत दसैंको भोलिपल्ट दुर्गा झाँकी निकाल्ने हुँदा मूर्तिको माग बढ्दै गएको पाइएको छ ।

बाँकेमा माटोबाट मूर्ति बनाउने मूर्तिकार संगठित हुन सकेका छैनन् । यसका कारण मूर्तिको दर मूल्यमा पनि एकरुपता छैन । 'सबैले आ-आफ्नै तरिकाले मूर्ति बिक्री गर्ने गरेका छौं, चिने जानेको नियमित ग्राहकसँग छुट गर्ने पनि गरिएको छ,' नेपालगञ्ज-७ फुल्टेक्राका मूर्तिकार मुकेश गुप्ताले भने, 'धेरैजसो रेगुलर ग्राहक छन् तर चिनेको आधारमा एकजनालाई छुट गर्दा धेरैजनासँग घाटा खानुपरेको छ ।'

हस्तकलाको क्षेत्रमा लागेका व्यक्तिलाई सरकारी निकायले चासो नदिएकोमा मूर्तिकारको गुनासो छ । 'आफैं सीप सिकेरै यहाँसम्म आएका छौं,' उनले भने, 'आवश्यक सीप र नयाँ प्रविधिका बारेमा जानकारी गराउने हो भने अझै राम्रो गर्न सक्नेछौं ।' *रासस*

## जमुनाह नाकामा दसैं मनाउन घर फर्किनेको लर्को

**राँझा (बाँके)–** रोजगारीका लागि भारतको विभिन्न सहरमा पुगेका नेपालीहरू दसैं नजकिएसँगै घर फर्किने क्रम सुरु भएको छ ।

नेपालगञ्जस्थित जमुनाहनाकामा भारतका विभिन्न सहरमा रोजगारी गरेर घर फर्कने नेपालीहरूको प्रत्येक दिन बिहान लर्को लाग्ने गरेको हो । दैनिक दुई हजारदेखि दुई हजार ५०० जनासम्म भारतमा काम गर्ने नेपाली दाजुभाइ जमुनाहनाका हुँदै दसैं मनाउन घर फर्किने गरेको जमुनाह इलाका प्रहरी कार्यालयका वरिष्ठ प्रहरी नायब निरीक्षक मीनबहादुर विष्टले जानकारी दिए ।

'केही दिनयता भारतमा काम गरी घर फर्किने नेपालीहरूको संख्या ह्वात्तै बढेको छ,' उनले भने, 'बिहान ७:०० बजेदेखि ११:०० बजेसम्म जुमनाहनाकामा घर फर्किने नेपालीको भीड हुने गरेको छ ।'

जमुनाह नाकामा भेटिएका जाजरकोट बारेकोट गाउँपालिकाका भीमबहादुर गिरीले भारतको सिमलामा रोजगारी गरेर दसैं मनाउन घर फर्किएको बताए । गत वर्ष दसैं-तिहार मनाएर मंसिरमा रोजगारीका लागि सिमला पुगेका उनले घरपरिवारलाई लत्ताकपडा र दसैं खर्च लिएर घर फर्किएको जानकारी दिए । धेरै रुपैयाँ कमाउन नसके पनि जसोतसो खर्चको जोहो गरेको गिरीको भनाइ थियो । दसैं मनाउन घर फर्कने नेपालीको हरेक वर्ष सिमानाका जमुनाहमा लर्को लाग्ने गर्दछ । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL TAWALA TRADING AND CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०८०/०६/२४ | LT. No. 293749 | चलानी नं. ६०२०९०५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 12 | 0 | 1900 | ६७,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ४ गते (21st Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. Licence No.: 1312/074/75
**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनीः SHAMS ALWAFA HOSPITALITY SERVICES CO. LLC

पूर्व स्वीकृति मिति २०८०/०३/२१ | पुन विज्ञापन स्वीकृति मितिः २०८०/०६/२६ | LT. No.288940 | चलानी नं. ६०२०४२८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 40 | 1300 | ४६,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २९ गते (16th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE Pvt. Ltd. Kathmandu, Nepal
**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JSC SECURITY SERVICES SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/१२/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२६ | LT. No. 284215 | चलानी नं. ६०१९९७११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 21 | 0 | 1000 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ४ गते (21st Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PIGEON SECURITY SERVICES WLL

पूर्व स्वीकृति मिति २०७९/१२/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२६ | LT. No.255042 | चलानी नं. ६०१९२३५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 2 | 0 | 2500 | ९२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Guard | 56 | 2 | 1500 | ५५,२४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ४ गते (21st Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np
श्रम ईजाजत नं. ३०१/०५९/०६०

## Free Visa!! Free Ticket!! Free Recruitment !!
## कुवेतमा निःशुल्क वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KHARAFI GLOBAL FOR GEN TRADING AND CONTRACTING CO

पूर्व स्वीकृति मिति २०८०/०६/२५ | LT. No. 293951 | चलानी नं. ६०२०९११८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 12 | 0 | 125 | ५३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Barista | 15 | 15 | 125 | ५३,७९० | | | | | | | |
| 3 | Cook | 30 | 15 | 135 | ५८,०९५ | | | | | | | |
| 4 | Waiter | 30 | 20 | 115 | ४९,५०० | | | | | | | |

कम्पनी : RADISSON BLU HOTEL (ALOWLA HOTELS COMPANY)

पूर्व स्वीकृति मिति २०८०/०६/२५ | LT. No. 293950 | चलानी नं. ६०२०९११८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 5 | 120 | ५१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook / Confectioner | 5 | 5 | 130 | ५५,९४५ | | | | | | | |
| 3 | Housekeeping Attendant | 10 | 10 | 120 | ५१,६४० | | | | | | | |
| 4 | Kitchen Steward | 10 | 0 | 120 | ५१,६४० | | | | | | | |
| 5 | Laundry Attendant | 10 | 0 | 120 | ५१,६४० | | | | | | | |
| 6 | Receptionist / Gsa | 5 | 10 | 120 | ५१,६४० | | | | | | | |
| 7 | Waiter / Waiteress | 10 | 10 | 120 | ५१,६४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ११ गते (27th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE
**VISION & VALUE OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9863194833, 9863194835, 9863194832, 9863194834, 9863194839
9851315983, 9846035174, 9851055165, 9818002688, 9851044323, 9861605199, 9841076393
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com


## वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रि सम्बधी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/०६/२७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १६८ को २९१५.०० घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा ६.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**चिरुवा सल्लेनी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–३, मकवानपुर**

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Saugat Employment Service Pvt.ltd. (ई.प.नं.१२२१/०७४/०७५)मा **सबिन काफ्ले** (ना.प्र.नं. ०५-०२-७१-००१२८) ले यस प्रा. लि. मा Marketing Manager पदमा काम गर्दै आउनु भएको र निजको व्यक्तिगत काम विशेषको कारण यस संस्थाबाट हटाईएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात)** दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।


**SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.** श्रम ईजाजत नं. १२२१/०७४/०७५
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4489384, 4589384 Mob.9851086131, 9851067178, 9813129122, E-mail : saugatemployment1221@gmail.com

# प्रभाव दैनिक

शनिबार, २७ असोज २०८० (Saturday, October 14, 2023)


रूपशाला

## 'पिपल डाँडामा दसैं' भन्दै आर्यानसँग नाचिन् अश्मि



दसैं नजिकिँदै गर्दा मोडल अश्मि थापा र आर्यन सिग्देलको रोमान्स रहेको दसैं गीत 'पिपल डाँडामा दसैं' भिडियो सहित सार्वजनिक भएको छ। रोमान्टिक शैलीको गीतमा आर्यन र अश्मि रोमान्टिक जोडीको रूपमा प्रस्तुत भएका छन्। गीतमा दुबैको रोमान्स सुहाउँदो छ। भिडियो दसैंको माहोल तयार गरिएको छ। राजेश पायल राई र समिक्षा अधिकारीको युगल स्वर रहेको गीतमा दाहाल सन्तोषको शब्द, विशाल निरौलाको संगीत छ। भिडियोको निर्देशन कृष्ण पौडेलले गरेका हुन्। कृष्ण घिमिरे निर्माता रहेको भिडियोमा सुरेश काफ्लेको छायांकन, मिन रावलको सम्पादन र प्रविन थापाको कोरियोग्राफी छ।

# तीन नेपाली चलचित्र हलमा










■ प्रभाव संवाददाता

**काठमाडौं–** शुक्रबारदेखि तीन नेपाली चलचित्र प्रदर्शन भएको छ। फरक परिवेश र विषयवस्तु समेटिएको ती चलचित्रले दर्शकलाई आकर्षित गर्ने विश्वास निर्माण पक्षको छ। 'परदेशी २', 'बासेन्जी' र 'कौसीद'का लक्षित दर्शकसमेत फरक रहेको निर्माण पक्षको भनाइ छ।

'गोर्खा पल्टन' र 'परदेशी'जस्ता सफल चलचित्रको निर्देशन गरिसक्नुभएका निर्देशक नारायण रायमाझीले निर्देशन गरेको तेस्रो चलचित्र हो- 'परदेशी-२' हो। अध्ययनका लागि विदेशिएका युवाको सङ्घर्ष र त्यसबाट सिर्जित पारिवारिक एवं सामाजिक संवेदनालाई आधार बनाएर तयार गरिएको चलचित्रले गाउँ र समाजकै कथा व्यक्त गर्ने उनले जानकारी दिए।

निर्देशक रायमाझीले भने, 'हामीले आफ्नै परिवेश र संस्कृतिलाई पर्दामा ल्याउनुपर्छ। आफ्ना कथा विश्वलाई देखाउनुपर्छ। मेरा चलचित्रले हाम्रै परिवेशको कथा व्यक्त गरिरहेका हुन्छन्।'

राजेश वंशलले निर्माण गरेको उक्त चलचित्रमा प्रकाश सपूत, वर्षा सिवाकोटी, केकी अधिकारी, प्रशान्त तामाङ, दिलीप रायमाझी, नीर शाह, रमा थपलिया, सविन बाँस्तोला, देवेन्द्र बब्लु, रोशनी कार्कीलगायत कलाकारले अभिनय गरेका छन्।

पहिलो दिनको चलचित्र बजारलाई हेर्दा प्रकाश सपुतको डेब्यू फिल्म परदेशी २ ले अन्य चलचित्रहरुलाई छायाँमा पार्ने देखिएको छ। राजधानीलगायतका सिनेमा घरहरुमा अन्य चलचित्रको तुलनामा परदेशी-२ का दर्शकहरु बढी रहेको देखिएको छ। नेपाली समाजको वास्तविक घटनालाई पर्दामा उतारेका निर्देशक नारायण रायमाझीका यस अघिका दुई चलचित्र जस्तै यो चलचित्र पनि सफल चलचित्र हुने संकेत पहिलो दिनको व्यापारबाटै देखिएको छ।

त्यसैमाथि नेपाली लोकबजारमा सर्वाधिक सफल सर्जक मानिएका प्रकाश सपुतको उपस्थिति पनि परदेशी-२ लाई फाप सिद्ध हुने देखिएको छ। त्यसबाहेक रायमाझीका यसअघिका सफल दुवै चलचित्रहरु गोर्खा पल्टन र परदेशीका नायक प्रशान्त तामाङको निन्तरता पनि परदेशी - २ को बजार बलियो मान्न सकिन्छ।

त्यस्तै अर्को चलचित्र 'कौसीद' मा इमान्दार शिक्षकले भोगेका पीडा देखाइएको निर्देशक कुमार भाष्करले जानकारी दिए। उनले भने, 'मैले एउटा इमान्दार शिक्षकले के-कस्ता समस्याबाट आफूलाई अगाडि बढाउन बाध्य हुन्छ भन्ने देखाएको छु। मैले चलचित्रमा उठाएको विषय केही अगाडि सडकमा समेत देखियो।' चलचित्रमा अभिनेता भोलाराज सापकोटा, अभिनेत्री ॠचा शर्मा, रुपेश दाहाल, परीक्षित विक्रम राणा, सदिच्छा गौतम, निर्भिक भट्टराई, सागर भट्टराई, सन्दीप लोहनीलगायत कलाकारले अभिनय गरेका छन्।

त्यस्तै शुक्रबार देखि प्रदर्शनमा आएको तेस्रो चलचित्र 'बासेन्जी' अमेरिकी निर्देशक इयान स्कट क्लेमेन्टले निर्देशन गरेका हुन्। एक युवाको मनोविज्ञानमा आधारित चलचित्रमा अशिम निरौला, सरिता गिरी, राज शर्मा, मिथिला शर्मा, अङ्कित खड्का, प्रतीक दुलाल, निरु खड्कालगायत कलाकारले अभिनय गरेका छन्।

# 'दिमाग खराब'को भिडियो च्यालेञ्ज, विजेतालाई डेढ लाख

■ प्रभाव संवाददाता

**काठमाडौं–** निश्चल बस्नेत निर्देशित आगामी कार्तिक २४ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म हो 'दिमाग खराब'। फिल्मको केही दिनअगाडि 'झम्के झमाझम' बोलको गीत सार्वजनिक भएको थियो। गीतले चर्चा पाइरहँदा निर्माण युनिटले यो गीतमा 'डान्स स्टेप' प्रतियोगिता घोषणा गरेको छ।

निर्माण युनिटले यो गीतमा उत्कृष्ट टिकटक तथा यूट्यूब भिडियो बनाउनेलाई डेढ लाख र ५० हजार पुरस्कार घोषणा गरेको हो। यसमा ५० हजार टिकटक भिडियो र डेढ लाख युट्यूब भिडियोका लागि छुट्टयाइएको छ। प्रतियोगितामा सहभागी हुन टिकटक तथा यूट्यूबमा भिडियो बनाएर पोस्ट गर्नुपर्नेछ। भिडियो पोस्ट गर्दा प्रतियोगीले गीतको बोल र फिल्मको नाममा ह्यासट्याग प्रयोग गर्नुपर्नेछ। यसैगरी प्रतियोगीले आफूले बनाएको यूट्यूब भिडियोलाई आयोजकलाई लिङ्क पठाउनुपर्नेछ।



त्यसरी प्राप्त उत्कृष्ट भिडियो बनाउनेलाई नगद पुरस्कारसँगै सिनेमा आट्सको आगामी फिल्ममा काम गर्ने अवसर प्रदान गरिनेछ। बाबुल गिरीको शब्द तथा संगीतमा तयार 'झम्के झमाझम' गीतमा नम्रता काफ्ले तथा सुमित खड्काको युगल स्वर छ। सिनेमा आर्ट तथा ब्ल्याक हर्स सिनेमाको ब्यानरमा निर्माण भएको फिल्ममा खगेन्द्र लामिछाने, दयाहाङ राई, स्वस्तिमा खड्का, अर्पण थापा, विजय बराल, सुमन कार्की, पुस्कर गुरुङ, माओत्से गुरुङ, रमा थपलिया लगायतका कलाकारको अभिनय छ। सामाजिक-राजनीतिक कथामा फिल्म बनेको हो।

# हङकङमा एकल कमेडी शो गर्दै राई

**काठमाडौं (प्रस)–** हङकङमा हास्यकलाकार गणेश ईशारा राईको 'गणेश इशारा राई एकल कमेडी शो' आयोजना हुने भएको छ। मुटु, मिर्गौला रोगी तथा बृद्धबृद्धाको सहयोगार्थ राईको 'गणेश इशारा राई एकल कमेडी शो' आयोजना हुने भएको हो।

एभरेस्ट इन्टरनेशनल ट्रेडिङ कम्पनीको प्रस्तुतिमा याक एन्ड यति रेस्टुरेन्ट हङकङले आयोजना गर्न लागेको कार्यक्रमको मूल नारा 'जो धेरै हाँस्छ, उ धेरै बाँच्छ' भन्ने छ। अक्टोबर १५ तारिखमा आयोजना हुने कार्यक्रममा राईले विभिन्न नेतादेखि कलाकारसम्मका क्यारिकेचर प्रस्तुत गर्नेछन्। कार्यक्रममा उपस्थित दर्शकको फर्माइअनुसार आफूले कार्यक्रममा गीत तथा क्यारिकेचर समेत प्रस्तुत गर्ने कलाकार राईले बताए। राईले सय भन्दा बढी क्यारिकेचर गर्दै आएका छन्। कार्यक्रममा राईका अलवा हङकङका दर्जन बढी कलाकारको समेत प्रस्तुति रहनेछ।

कलाकारिताको सुरुको चरण देखिनै राईले २०५४ सालदेखि मुटु र मिर्गौला रोगीका लागि हजुर आमा वीरमाया



राईको नामबाट 'सोभोमा' स्मृति कोष स्थापना गरी समाजसेवा गर्दै आएका छन्। बेलाबेलामा ब्यंग्यले भरिएको कमेडी एल्बम समेत सार्वजनिक गर्दै आएका उनका गाईजात्रा कोसेली मात्र 'सदनहल र भट्टीपसल उस्तै', 'साधेतन्त्र', 'भद्रगोल डटकम' लगायत दर्जनौं आएका छन्।

कार्यक्रमको संयोजन एभरेस्ट इन्टरनेशनलका प्रबन्ध निर्देशक लोक आङबुहाङले गरेका छन्, भने उनका सहयोगीमा सिताराम राई, प्रकाश आङबुहाङ 'टेन्सन', लक्ष्मीप्रसाद सम्बाहाम्फे, नवीन चाम्लिङ राई, सुमन वनेम र भवेश घिसिङ लामा रहेका छन्।

रंगशाला

काभा च्याम्पियनसीप भलिबल

## नेपाल साउदी अरेबियासँग पराजित

**काठमाडौं (प्रस) –** श्रीलङ्कामा जारी सेन्ट्रल एसियन भलिबल एशोसिएशन (काभा) पुरुष भलिबल च्यालेन्ज कपको चौथो खेलमा नेपाल साउदी अरेबियासँग पराजित भएको छ। कोलम्बोस्थित सुगाथादास इन्डोर रंगशालामा शुक्रबार पाँच सेट चलेको खेलमा नेपाल साउदी अरेबियासँग ३-२ को सेटमा पराजित भएको हो। खेलको पहिलो सेट २२-२५ ले गुमाएको नेपालले दोस्रो सेट २५-२१ ले आफ्नो पक्षमा पार्‍यो। त्यस्तै खेलको तेस्रो सेट २३-२५ ले गुमाएको नेपालले चौथो सेट २७-२५ ले जित्यो।

त्यसपछिको निर्णायक पाँचौं सेट नेपालले १६-१४ ले गुमाएपछि नेपाल साउदी अरेबियासँग ३-२ को सेटमा पराजित हुन पुग्यो। प्रतियोतिामा यससँगै चार खेल खेलेको नेपालको यो दोस्रो हार हो। नेपाल श्रीलङ्कासँग ३-० को सोझो सेटमा पराजित भएको थियो। त्यस्तै नेपालले यसअघि बंगलादेशलाई ३-१ र अफगानिस्तानलाई ३-२ को सेटमा पराजित गरेको थियो। अब नेपालले लिग चरणको अन्तिम खेलमा आज उज्वेकिस्तान खेल्नेछ।

## खेलकुदमन्त्री लिम्बूलाई मातृशोक

**मोरङ (प्रस) –** युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूलाई मातृशोक परेको छ। लेटाङ-६ गुवाबारी निवासी लिम्बूकी आमा हंसनुमा लिम्बूको एक सय एक वर्षको उमेरमा शुक्रबार निवासमै निधन भएको हो। स्वर्गीय लिम्बुको पार्थिव शरीरलाई धार्मिक संस्कारअनुसार लेटाङ घाटमा दाहसंस्कार गरिएको थियो। मन्त्री लिम्बु नेपाली कांग्रेस जिल्ला कार्यसमिति मोरङका सभापति एवं मोरङ क्षेत्र नं १ का सांसद हुन्।

# सबै पूर्वाधार अपांगतामैत्री बनाउने प्रधानमन्त्रीको प्रतिबद्धता

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले खेलकुदलगायत सबै पूर्वाधार अपांगमैत्री बनाइने सरकारको नीति रहेको बताएका छन्। राष्ट्रियसभामा प्रस्तुत अपांगता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्तावमाथि उठेका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्रीले आगामी दिनमा हुने पारा ओलाम्पिकमा सहभागी हुने खेलाडीलाई प्रशिक्षणको व्यवस्थालाई थप प्रभावकारी बनाइने बताए। प्रधानमन्त्रीले भने, 'उचित र पर्याप्त खेल सामग्रीहरूको व्यवस्थाका लागि अनुदान उपलब्ध गराउने कार्यक्रमलाई सरकारले उच्च प्राथमिकतामा राखेको पनि यस सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु।'



प्रधानमन्त्री दाहालले राष्ट्रियस्तरका पारा र विशेष खेलकुद प्रतियोगितालाई निरन्तरता दिँदै प्रदेश र जिल्लास्तरीय प्रतियोगिता आयोजना गर्न सम्बन्धित खेलकुद सङ्घलाई अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको जानकारी दिए। 'पारा ओलम्पिक कमिटीको सिफारिसबमोजिम फरक क्षमता भएका व्यक्तिलाई राष्ट्रिय खेलकुद परिषद्को सदस्यमा मनोनयन गरिनेछ। अब बन्ने युवा तथा खेलुकदसम्बन्धी समितिहरूमा फरक क्षमता भएका युवा तथा खेलाडीहरू समावेश हुने व्यवस्थाका लागि विशेष प्रयास गर्नेछु', प्रधानमन्त्रीले भने।

फरक क्षमता भएका व्यक्तिहरूको श्रमसम्बन्धी तथा रोजगारसम्बन्धी हकलाई सरकारले विशेष प्राथमिकतामा राखेको बताए। उनले फरक क्षमता भएका व्यक्तिलक्षित रोजगारीमूलक कार्यक्रम सरकार ीस्तरमा सञ्चालन गर्दै आएको बताए। उनीहरूको क्षमता र रूचिअनुरूपको कामका लागि स्थानीय सरकारसँगको सहकार्यमा परिणाममुखी काम गर्न सरकार प्रतिबद्ध रहेको उनले उल्लेख गरे।

'प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम, गरिबी निवारण कार्यक्रमभित्र अपांगता भएका लाभग्राहीलाई उच्च प्राथमिकता दिइनेछ। आगामी दिनमा यस्ता कार्यक्रमलाई थप प्रभावकारी बनाउने सरकारको नीति छ,' प्रधानमन्त्री दाहालले भने।

अपांगता भएका व्यक्तिहरूको हकअधिकार उपभोगमा सर्वोच्च अदालतबाट विभिन्न मितिमा भएका आदेशको कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको स्पष्ट गर्दै प्रधानमन्त्री दाहालले त्यस्ता व्यक्तिहरूको न्याय प्राप्तिका लागि सरकार सचेत एवं संवेदनशील रहेको बताए। हिंसा, शोषण र दुर्व्यवहारमा परेका अपांगता भएका व्यक्तिलाई समान रूपमा न्यायमा पहुँच सुनिश्चित गर्न प्रहरी संयन्त्र, उजुरी प्रक्रिया, बयान लिने प्रक्रिया अपांगता भएका व्यक्तिका लागि सरल, सहज र समावेशी बनाउन सरकारले उच्च प्राथमिकता दिएको उल्लेख गरे।

# ओलम्पिक कमिटीद्वारा रुसमाथि प्रतिबन्ध

**काठमाडौं (एजेन्सी) –**अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आईओसी) ले रसियन ओलम्पिक कमिटीलाई अनिश्चित समयका लागि निलम्बन गरेको छ। आईओसीको बोर्ड बैठकले तत्काल लागू हुने गरी रुसलाई निलम्बन गर्ने निर्णय बिहीबार लिएको हो।

युक्रेनको क्षेत्रभित्र रहेका चारवटा कमिटीलाई मान्यता दिएपछि आईओसीले रसियन ओलम्पिक कमिटीमाथि प्रतिबन्ध लगाएको हो। रसियन ओलम्पिक कमिटीले अक्टोबर ५ तारिखमा युक्रेनको भूभागमा रहेका लुहानस्क, डोनेट्स्क, खेरसन र जापोरिज्जिया क्षेत्रीय संघको रुपमा मान्यता दिएको थियो।

यी चारवटै संघहरु युक्रेनको राष्ट्रिय ओलम्पिक कमिटीअन्तर्गतका सङ्घ हुन्। सोही विषयलाई लिएर आईओसीले रुसमाथि प्रतिबन्ध लगाएको हो। 'अर्काको भूभागमा रहेको सङ्घलाई मान्यता दिएर रसियन ओलम्पिक कमिटीले हाम्रो नियमको उल्लङ्घन गरेको छ। त्यसैले रुसमाथि प्रतिबन्ध लगाएको हो,' आईओसीले भनेको छ।

प्रतिबन्धपछि अब रुसले आईओसीको छातामुनि हुने कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउन पाउने छैन। रुसका खेलाडीले अब आफ्नो देशको झन्डामुनि रहेर ओलम्पिक खेलकुदमा पनि सहभागिता जनाउन पाउने छैन।

योनेक्स वेन्डिगो इन्टरनेसनल च्यालेन्ज २०२३

# प्रिन्स क्वार्टरफाइनलसम्म



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालका उदीयमान खेलाडी प्रिन्स दाहाल अष्ट्रेलियाको मेलवोर्नमा आयोजना भईरहेको योनेक्स वेन्डिगो इन्टरनेशनल च्यालेन्ज २०२३ को क्वाटरफाईनलमा पराजित भएका छन्। प्रिन्स सेमिफाईनल प्रवेशका लागि भएको प्रतिस्पर्धामा न्यूजिल्याण्डका इडवार्ड लाउसँग १३- २१, ११-२१ ले पराजित भएका हुन्।

क्वाटरफाईनल सम्मको यात्रा तय गर्ने क्रममा विश्व जुनियरको शीर्ष स्थानमा रहिसकेका प्रिन्सले राउण्ड अफ ६४ मा अष्ट्रेलियाका याउजु जौलाई २१-१०, २१-६ ले पराजित गरे। यस्तै राउण्ड अफ ३२ मा अष्ट्रेलियाकै श्रेय धान्दलाई २१-११, २१-१६ ले तथा प्रिक्वाटरफाईनलमा चाईनिज ताईपेईका पांग फोंग पुइलाई २१-१८, १२-२१, २१-१४ ले पराजित गरेको शाहले जानकारी गराए।

पुरुष एकल तर्फकै अर्को खेलमा हालै भएको तेश्रो प्रधानमन्त्री कपमा प्रिन्सलाई पराजित गरेर सनसनी मच्चाएका प्रफुल महर्जन प्रिक्वाटरफाईनलमा जापानका शोता ओमोतोसँग ९-२१, १२-२१ ले पराजित भए। यस अघि प्रफुलले अष्ट्रेलियाका ओमकार निलमलाई २१-१०, २१-१० को सोझो सेटमा पराजित गर्दै राउण्ड अफ ३२ मा प्रवेश गरेका थिए। यस्तै उनले प्रिक्वाटरफाईनलको यात्रा तय गर्ने क्रममा अष्ट्रेलियाका केथ मार्क एडिशनलाई २०-२२, २१-१५, २१-१५ ले पराजित गर्न सफल भएका थि।

महिला युगल तर्फ वाई पाएर सिदै क्वाटरफाईनल पुगेका नंगशल तामांग र अनुमाया राईको जोडी क्वाटरफाईनलमा अष्ट्रेलियाका प्रिस्का कुस्तीआदी र नोजोमी सिमिजुको जोडी संग ७-२१, १४-२१ ले पराजित भए।

पुरुष युगल तर्फ प्रिन्स र बिष्णुको जोडी प्रिक्वाटरफाइलनमा अष्ट्रेलियाका लुकास डिफोल्की र अन्दिका रामादियान्श्यासँग ८-२१, १७-२१ ले पराजित भए। प्रिन्स र बिष्णुको जोडी राउण्ड अफ ३२ मा अष्ट्रेलियाका हुईदोंग तांग र जिउल झिलाई १०-२१, २२-२०, २१-१९ ले पराजित गर्दै प्रिक्वाटरमा स्थान पक्का गर्न सफल भएका थिए।

पुरुष एकलमा बिष्णु कटुवाल आफ्नो पहिलो खेलमा अष्ट्रेलियाका रियो अगुष्टिनो संग ९-२१, ९-२१ ले, अनुमाया राई आफ्नो पहिलो खेलमा अष्ट्रेलियाकी भिक्टोरिया छोनादीसँग १६-२१, १६-२१ र नंगशल तामांग अष्ट्रेलियाकी टिफानी होसँग ७-२१, ८-२१ ले पराजित भएका थिए।

# हमासमाथि अरबको दबाब बढाउने प्रयासमा ब्लिंकेन

**अम्मान-** अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनले शुक्रबार अरब मुलुकका राजधानीहरूको भ्रमण सुरु गरेका छन् । हमासको आतंकवादी हमलापछि इजरायलले गाजापट्टीमा सम्भावित ठूलो हमलाको तयारी गरिरहेको बेला हमासमाथि अरब राष्ट्रहरूको दबाब बढाउने खोजीमा उनले अरब मुलुकहरूको भ्रमण सुरु गरेका हुन् ।

उनले लामो समयदेखिको अमेरिकाको साझेदार जोर्डनका राजा अब्दुल्लाह द्वितीय र प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बाससँग अम्मानमा भेट गर्नेछन् । त्यसपछि उनले कतार, साउदी अरेबिया, इजिप्ट र संयुक्त अरब इमिरेट्स (युएई) को भ्रमण गर्नेछन् ।

गत शनिबार हमासको आश्चर्यजनक हमलापछि अमेरिकी सहयोगी इजरायलसँग अटुट एकताको प्रतिबद्धता व्यक्त गर्दै विदेशमन्त्री ब्लिंकेनले बिहीबारको दिन तेल अबिबमा बिताए । हमासको उक्त आक्रमणमा इजरायलमा एक हजार २०० भन्दा बढीको मृत्यु भएको छ भने १५० भन्दा बढीलाई हमास लडाकु समूहले बन्धक बनाएको छ ।

हमासको आक्रमणपछि इजरायलले गाजापट्टीमा गरेको हमलामा एक हजार ४०० भन्दा बढीको मृत्यु भएको छ । साथै इजरायलले गाजापट्टीमा खाद्यान्न, पानी र विद्युत् आपूर्ति बन्द गरिदिएको छ ।

हमासको लामो समयदेखि सम्बन्ध रहेको कतारलाई बन्धकहरूलाई मुक्त गराउन मध्यस्थकर्ताको रूपमा हेरिएको छ । विदेशमन्त्री ब्लिंकेन जोर्डनपछि तुरुन्तै कतार जानेछन् ।

'द्वन्द्वलाई थप चर्काउनबाट रोक्न सहयोग गर्न र बन्धकहरूलाई बिनासर्त तुरुन्त रिहा गर्न हमाससँग आफ्नो प्रभावको प्रयोग गर्न अरब मुलुकहरूमाथि दबाबलाई जारी राख्नेछौं,' तेल अबिबमा बिहीबार अबेर ब्लिंकेनले भने, 'अरब क्षेत्रलाई अधिक शान्तिपूर्ण, अधिक समृद्ध, अधिक सुरक्षित र अधिक एकीकृत बनाउनका लागि हाम्रो सकारात्मक दृष्टिकोणलाई कसरी साकार बनाउन सक्छौं भन्नेबारेमा पनि हामी छलफल गर्नेछौं, वास्तवमा यो एउटा विकल्प हो र केही हदसम्म यो विकल्प हमासको कामभन्दा पनि स्पष्ट भएको छ ।'

हमासको आक्रमणभन्दा केही साताअघि साउदी अरेबियाले इजरायलसँगको सम्बन्धलाई सामान्यीकरण गर्ने अमेरिकी नेतृत्वको कूटनीतिको प्रगतिबारे उल्लेख गरेको थियो । इस्लामहरूको दुई पवित्रस्थलको संरक्षकसमेत रहेको रूढिवादी साउदी अरेबियाका लागि उक्त कूटनीतिक प्रयास ऐतिहासिक कदम हो ।

इजरायलसँग शान्ति कायम गर्ने पहिलो अरब मुलुक इजिप्टसँग अमेरिकी अधिकारीहरूले गाजाबाट बन्धकहरूलाई बाहिर निकाल्न सुरक्षित कोरिडोरको योजनामा काम गरिरहेका छन् । इजिप्ट गाजाको सीमा पनि हो ।

गाजा छोड्न वा त्यहाँबाट बाहिर निस्कन चाहने नागरिकहरूका लागि सुरक्षित बाटोको सम्भावनाबारे इजरायलसँग आफूले कुरा गरेको ब्लिंकेनले बताए ।

हमासको लामो समयदेखिको शत्रु र झण्डै ८८ वर्ष पुगेका महमुद अब्बासको प्यालेस्टिनी अथोरिटीले पश्चिम किनारमा सानोस्तरको स्वायत्तता पाएको छ । पश्चिम किनारमा रहेको गाजापट्टीमाथि हमासको नियन्त्रणका कारण इजरायलले १७ वर्षदेखि गाजापट्टीमाथि प्रतिबन्ध लगाएको छ ।

राष्ट्रपति जो बाइडेन र अन्य डेमोक्र्याट्सहरूको नेतृत्वमा रहेको अमेरिकाले प्यालेस्टिनी अथोरिटीलाई ठूलो मात्रामा समर्थन गर्दै आएको छ । प्यालेस्टिनी अथोरिटीलाई इजरायलसँगको दीर्घकालीन शान्तिका लागि उनीहरूले उत्तम विकल्पका रूपमा हेर्दै आएका छन् ।

तर, हिंसा रोक्न अब्बास यथेष्टरूपमा प्रतिबद्ध नभएको भन्दै इजरायली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले प्यालेस्टिनी अथोरिटी र अब्बासलाई पन्छाउन खोजेका छन् । उनको उग्र दक्षिणपन्थी सरकारले दुई राज्य समाधानको सम्भावनालाई अस्वीकार गर्दै आएको छ ।

जोर्डनका राजा अब्दुल्लाहसँगको भेटपछि बिहीबार अब्बासले द्वन्द्वका बारेमा सार्वजनिक टिप्पणी गरे । उनले प्यालेस्टिनी जनतामाथिको व्यापक आक्रमणलाई तुरुन्त अन्त्य गर्न आह्वान गर्दै दुवै पक्षबाट भएको नागरिकहरूको हत्या वा उनीहरूमाथि हुने दुर्व्यवहार अस्वीकार्य रहेको बताए ।

यसअघि अमेरिकी विदेशमन्त्री ब्लिंकेनले हमासले गरेको हमलाका बारेमा अब्बाससँग टेलिफोनमा कुराकानी गर्दै हिंसाको भर्त्सना गर्न र पश्चिम किनारमा स्थिरता कायम राख्न आग्रह गरेका थिए । *रासस/एएफपी*

# सामाजिक सञ्जाल एक्सले हमास सम्बद्ध सयौं खाता हटायो

**क्यालिफोर्निया, अमेरिका-** इजरायलमा हमासको हालैको आक्रमणपछि सामाजिक सञ्जाल एक्स (ट्विटर)ले हमास सम्बद्ध सयौं खाताहरू हटाएको छ । 'आतंकवादी संगठनहरूलाई एक्समा कुनै स्थान छैन' भन्दै उसले खाता बन्द गरेको हो ।

'एक्स सार्वजनिक कुराकानीको सेवाका लागि प्रतिबद्ध छ, विशेषगरी यस्ता महत्त्वपूर्ण समयमा एक्सको प्लेटफर्ममार्फत प्रसारित हुनसक्ने कुनै पनि अवैध सामग्रीलाई सम्बोधन गर्नुपर्ने महत्त्वलाई एक्सले बुझेको छ,' एक्सका प्रमुख कार्यकारी अधिकृत लिण्डा याकारिनोले भने, 'आतंकवादी संगठन र हिंसात्मक अतिवादीहरूलाई एक्समा कुनै स्थान छैन र हामी सही समयमा सक्रिय समूहसहितका यस्ता खाताहरू हटाउन जारी राख्छौं ।'

युरोपेली युनियन उद्योगका प्रमुख थिएरी ब्रेटोनले एक्सका मालिक एलन मस्कलाई जारी गरेका २४ घण्टे अल्टिमेटमले एक्सलाई ती खाता हटाउने परिस्थिति बनाएका थिए । ब्रेटोनले एक्समा दुष्प्रचारको सामना गर्न र नयाँ इयू अनलाइन सामग्री नियमहरूको पालना गर्न आग्रह गर्दै मस्कलाई अल्टिमेटम दिएका थिए । ब्रेटोनले युरोपेली युनियनभित्र अवैध सामग्री र दुष्प्रचारमा एक्सको कथित प्रयोगप्रति चिन्ता व्यक्त गरेका थिए ।

इयूको नयाँ डिजिटल सर्भिस कानुनअन्तर्गत एक्स र मेटाको फेसबुकजस्ता ठूला अनलाइन प्लेटफर्मलाई अवैध सामग्री हटाउन र सार्वजनिक सुरक्षाका साथै नागरिक बहसमाथिको खतरालाई सम्बोधन गर्न सक्रिय उपाय अवलम्बन गर्न आवश्यक छ ।

ब्रेटोनले गत सोमबार इजरायलमा भएको हमलापछि आफ्नो प्लेटफर्ममार्फत भएका दुष्प्रचारको सामनाका लागि गरिएका कारबाहीका बारेमा जानकारी दिन मेटा (फेसबुक) लाई पनि २४ घण्टाको समय दिएका थिए । *रासस/एएनआई*

# गाजा सहर खाली गर्न सर्वसाधारणलाई इजरायली सेनाको आदेश

**जेरुसेलम-** इजरायली सेनाले शुक्रबार गाजाका २३ लाख जनतामध्ये करिब आधालाई उक्त सहर खाली गर्न आदेश दिएको संयुक्त राष्ट्रसंघका एक अधिकारीले बताएका छन् । इजरायलमाथि हमासको भयानक आक्रमणपछि हमास लडाकु समूहलाई निमिटचान्न पार्ने लक्ष्यका साथ जमिन आक्रमण गर्नुअघि सेनाले उक्त आदेश दिएको हो ।

उक्त आदेशले यसअघिदेखि नै इजरायली हवाई हमला र नाकाबन्दीको सामना गरिरहेका सर्वसाधारण र सहायताकर्मीहरू आतंकित भएका छन् । इजरायली सेनाले गाजा सिटीका लाखौं नागरिकलाई गहिरो दक्षिणी गाजापट्टी (साँघुरो तटीय क्षेत्र) तर्फ भाग्न चेतावनी दिँदै बिहान गाजा सिटी खाली गर्ने आदेश दिएको थियो ।

गाजा सिटीका सुरुङमुनि हमास लडाकुहरू लुकेर बसेको इजरायलको आदेशमा आरोप लगाइएको थियो । 'यो निष्कासन तपाईं आफ्नै सुरक्षाका लागि हो,' गाजा सिटीका नागरिकहरूलाई पठाइएको चेतावनीमा इजरायली सेनाले भनेको छ । बिहीबार संयुक्त राष्ट्रसंघले इजरायली सेनाबाट न्युयोर्कमा उत्तरी गाजाका सबै ११ लाख सर्वसाधारणलाई दक्षिणतिर भाग्न २४ घन्टाको समय दिएको एउटा छुट्टै निर्देशन प्राप्त गरेको बताएको छ ।

सन् २००७ देखि गाजामा शासन गरेको हमासले उक्त आदेशलाई खारेज गरेको छ । उसले प्यालेस्टिनीहरूलाई आफ्नो घरमै रहन र कब्जा गरेर छेडिएको मनोवैज्ञानिक युद्धको सामना गर्न दृढ रहन आह्वान गरेको छ ।

'यो अराजकता हो, के गर्नुपर्ने कसैले बुझेको छैन,' गाजा सिटीमा संयुक्त राष्ट्रसंघ प्यालेस्टिनी शरणार्थी एजेन्सीकी अधिकारी इनास हमदानले भनिन् । उनले गाजा सिटी र उत्तरी गाजामा रहेका राष्ट्रसंघका सबै कर्मचारीहरूलाई दक्षिणी रफाहमा जान भनिएको बताइन् । *रासस/एपी*

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बधी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/०६/२७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १३८ को २९६७.३३ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा २.०० चट्टा तथा आपूर्ति समितिबाट फिर्ता भएको साल जातको गोलिया थान १९२ को २८५६.६८ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**शहिद अर्जुन सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-३, मकवानपुर**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DELTA CORPORATION
पूर्व स्वीकृति मिति २०८०/०६/२५ | LT. No. 293909 | चलानी नं. ६०२०९१२०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1200 | ४२,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ४ गते (21st Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Aarambha H R Services Pvt.Ltd**
Govt.Lic. No. 1241/074/075
Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com
Website : www.aarambhahr.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HUSSAIN SALEH AL-MAHRI GENERAL CONTRACTING EST.
पूर्व स्वीकृति मिति २०८०/०६/२५ | LT. No. 293934 | चलानी नं. ६०२०९१०३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ४ गते (21st Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५०/०५६/५७
**HYHIRE INTERNATIONAL PVT. LTD.**
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH AMER AL SARHAN CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८०/०४/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२६ | LT. No. 290948 | चलानी नं. ६०२०६२०१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 4 | 0 | 1000 | ३५,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ४ गते (21st Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAMSUNG SDI ENERGY MALAYSIYA SDN.BHD.
पूर्व स्वीकृति मिति २०७९/०३/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२६ | LT. No.266668 | चलानी नं. ६०१८२६२४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 107 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ४ गते (21st Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४७७/०६०/०६१
**Jupiter Overseas Concern Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal. Tel : +977-1-4562605,4564178 Fax : +977-1-4462594
E-mail:info@jupiteremployment.com Web:www.jupiteremployment.com



## कुवेत/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GRAVITY RESTAURANT CO.
पूर्व स्वीकृति मिति २०८०/०६/२६ | LT No.293968 | चलानी नं ६०२०९११०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baristas | 4 | 6 | 120 | ५२,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helpers | 2 | 0 | 100 | ४३,३३५ | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

कम्पनी : THE VALET LLC
पूर्व स्वीकृति मिति २०८०/०४/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२६ | LT No.289672 | चलानी नं ६०२०४९३०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concierge/doorman | 50 | 0 | 1200 | ४२,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 25 | 0 | 900 | ३२,२०० | | | | | | | |
| 3 | Parking Attendant | 50 | 0 | 1100 | ३९,३५५ | | | | | | | |
| 4 | Revenue Controller | 10 | 0 | 2000 | ७१,५५० | | | | | | | |
| 5 | Shift Supervisor | 50 | 0 | 2000 | ७१,५५० | | | | | | | |
| 6 | Valet Driver | 131 | 0 | 1400 | ५०,०८५ | | | | | | | |
| 7 | Waiter | 25 | 0 | 1100 | ३९,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ४ गते (21st Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५
**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL IBTEHAR CAR MAINTENANCE
पूर्व स्वीकृति मिति २०८०/०३/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२६ | LT. No.288016 | चलानी नं: ६०२०३३३८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen. Clean Worker | 0 | 8 | 1100 | ३९,८५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 30 | 0 | 2500 | ९०,५६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ४ गते (21st Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५
**Lucky Human Resource Pvt.Ltd.**
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - ११०१०० | प्रति तोला - १०९५५० | प्रति तोला - १३४५ |

## १० मेगावाटको सौर्य ऊर्जा निर्माण अन्तिम चरणमा

**झापा (प्रस)**– कोशी प्रदेशकै ठूलो सौर्य ऊर्जा परियोजनाको निर्माण अन्तिम चरणमा पुगेको छ । शिवसताक्षी नगरपालिका-४ स्थित बुलोचोकमा झापा इनर्जीले निर्माण गरिरहेको १० मेगावाट क्षमताको विद्युत् उत्पादन गर्ने सौय ऊर्जा काम करिब ९० प्रतिशत पूरा भइसकेको छ ।

चार वर्षअघि रु ७९ करोड ८० लाखको लगानीमा निर्माण सुरु भएको परियोजनामा हाल निर्माण गरिएका टेबुलमा प्यानल राख्ने काम धमाधम भइरहेको झापा इनर्जीका प्रबन्ध निर्देशक सुवास भट्टराईले बताए । उनका अनुसार पहिलो चरणमा १० कन्टेनर सोलार प्यालन जडान हुनेछ ।

झिलमिले चोकबाट करिब ७ किलोमित्तर उत्तरमा २२ बिघा जमिनमा २२ हजार छ सय सोलार प्यानल जडान गरिने उनले जानकारी दिए । परियोजनामा पिलर र राफ्टर लगाउने कार्य डेढ महिनाअघि नै सकिएको छ । जसमा ३५ कन्टेनर सोलार प्लानल जडान हुनेछ ।

'यो नेपालकै ठूलो परियोजना हो, अब दुई महिनाभित्रमा सञ्चालन गर्ने तयारी छ', निर्देशक भट्टराईले भने, 'अब धमाधम प्यानल जडान गर्ने काम मात्र हो । चाँडै सक्छौं ।' सो परियोजना निर्माणका लागि माछापुछ्रे बैंकले रु ३५ करोड र सिभिल बैंकले रु २५ करोड गरी रु ६० करोड बैंकिङ कर्जा लिइएको उक्त परियोजनामा रु २० करोड शेयरदाताबाट लगानी गरिएको उनको भनाइ छ । उनले जलविद्युत् परियोजनाभन्दा ५० प्रतिशत कम लगानीमा सुरक्षित र भदपर्दो सेवा सौर्य विद्युत् परियोजनाबाट दिन सकिने बताए ।

# ब्याजदर घटाउन पर्यटन व्यवसायीको माग

■ प्रभाव संवाददाता

**लेखनाथ** – होटल सङ्घ पोखराले कोरोना महामारीका कारण थला परेको पर्यटन व्यवसायलाई टिकाउन सहजीकरणको माग गर्दै नेपाल राष्ट्र बैंकलाई ध्यानाकर्षण पत्र बुझाइएको छ । गर्भनर महाप्रसाद अधिकारीको ध्यानाकर्षण गराउँदै सङ्घले शुक्रबार नेपाल राष्ट्र बैंकको निर्देशिकामा व्यवस्था भएअनुसार पर्यटन क्षेत्रमा लगानी गरिएको कर्जाको पुनःतालिकीकरण, पुनःसंरचना र पुनःलगानीको व्यवस्था प्राथमिकताका साथ हुनुपर्ने जनाएको हो ।

सङ्घको एक टोली नेपाल राष्ट्र बैंकको पोखरा कार्यालय पुगेर कार्यालयका निर्देशक आर्या जोशीलाई ध्यानाकर्षण पत्र बुझाएको हो । होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले कोभिड १९, रुस-युक्रेन युद्ध, पोखरा आउने अस्तव्यस्त राजमार्ग र यति एयरको जहाज दुर्घटनाको असरले पोखराको पर्यटन थला परेको बताए ।

विभिन्न कारणले पोखरामा पर्यटक आगमन घटेको भन्दै अध्यक्ष सुवेदीले बैंक तथा वित्तीय संस्थालाई बुझाउनुपर्ने कर्जाको साँवा तथा ब्याज तत्कालका लागि बुझाउन असमर्थ रहेको अवगत गराएका छन् । लामो अवधिको लागि किस्ताबन्दीमा तिर्ने, बुझाउने व्यवस्था हुनुपर्ने माग राख्दै सङ्घ बैंक तथा वित्तीय संस्थाले कुनै प्रकारको जरिवाना शुल्क लिन नपाउने तथा व्यवसायीलाई कर्जा भुक्तानी गर्न बाध्यकारी बनाउन नपाउने तथा व्यवसायीको धितो लिलामी गर्ने जस्ता कार्य हाललाई बाध्यकारी नगर्न सङ्घले ध्यानाकर्षण गराएको छ ।

'पर्यटन व्यवसायमा वाणिज्य बैंकहरुले गर्ने लगानी अनिवार्य ढंगले टोकनका रुपमा गर्ने व्यवस्था गर्दै आर्थिक सङ्कटको समयमा गरिएको लगानीको जोखिमलाई कम गर्न उच्च ब्याजदरमा रहेको ऋणलाई न्यूनतम ब्याजदर कायम गर्न बैंकहरुलाई परिपत्र गरियोस्', ध्यानाकर्षण पत्रमा उल्लेख छ ।

पर्यटन क्षेत्रमा भएको लगानीको ब्याजदर एकल अङ्कमा हुने व्यवस्था गरिनुपर्ने, ब्याजमा आधार दर मात्र कायम गरिनुपर्ने, कोभिड र त्यसपछिको बिग्रदो आर्थिक अवस्थालाई मध्यनजर गरी पर्यटन क्षेत्रको अडिट प्रतिवेदनमा वासलातमा कूल सञ्चालन मुनाफा लगातार ऋणात्मक भई बैंकले ऋण प्रवाहमा अवरोध गर्ने गरेको व्यवस्थालाई हटाइनुपर्ने र विद्युत् उत्पादनको लगानीमा रहेको व्यवस्था पर्यटन क्षेत्रमा लागू गरिनुपर्ने सङ्घको माग छ ।

हाल आय-आम्दानी नभएको कारणले नगद प्रवाहमा देखिएको समस्यालाई सम्बोधन गर्न बैंकहरुले सम्पत्तिको वास्तविक मूल्याङ्कन गरी ८० प्रतिशत ऋण प्रवाह गरिनुपर्ने, हाल आर्थिक सङ्कटबाट सबैभन्दा धेरै पर्यटन व्यवसाय आक्रान्त भएको हुँदा विशेष व्यवस्था गरी थप सहुलियत ऋण प्रदान गरिनु पर्ने माग पनि सङ्घको रहेको छ । वातावरणीय अध्ययनको ढिलाइका कारणले नवीकरण हुन नसकेका होटल उद्योगलाई सहज रुपमा नेपाल राष्ट्र बैंकबाट विदेशी मुद्रा कारोबार अनुमतिपत्र नवीकरण गरिनुपर्ने माग पनि सङ्घको छ ।

होटल तथा पर्यटन क्षेत्रलाई पनि कृषि क्षेत्र सरह सहुलियत कर्जा उपलब्ध गराइ होटल क्षेत्रको मु.अ.कर कम गरिनुपर्ने, होटल तथा पर्यटन उद्योगको वित्तीय अवस्था हालसम्म सहज भइनसकेको हुनाले विसं २०८१ असार मसान्तसम्मको पाक्ने ब्याज छुट्टै हिसाब राखी हर्जना र पेनाल्टी ब्याज नलाग्ने व्यवस्था गरिनुपर्ने र होटलको लागि आवश्यक थप कर्जा न्यून ब्याजदरमा प्रवाह गरिनुपर्ने तथा कर्जा प्रक्रिया शुल्क सहुलियतपूर्ण गरिनुपर्ने विषय पनि राखिएका छन् ।

होटल उद्योगलाई पनि निर्यात व्यवसायीले पाएको क्यास ब्याक इन्सेन्टिभको व्यवस्था गरिदिनुपर्ने बुँदा पनि उल्लेख गरिएको छ । सहुलियत कर्जाको सीमा वृद्धि गरिनुपर्ने तथा यसरी प्राप्त गरिनुपर्ने सेवा सुविधा कतिपय होटलले प्राप्त गर्न नसकेको र कार्यान्वयन हुन नसकेको हुँदा सहजीकरण गर्दै कार्यान्वयन भए नभएको अनुगमन कार्यका लागि निजी क्षेत्र सम्मिलित अनुगमन समिति गठन गरिनुपर्ने माग सङ्घको छ ।

होटलमार्फत विदेशी एजेन्टलाई डलरमा कमिशन भुक्तानी गर्दा भुक्तानीको सीमा बढाइनुपर्ने साथै प्रक्रिया झन्झटिलो रहेको हुँदा होटलले तोकेको व्यक्तिको नाममा डलरको प्रिपेड कार्ड उपलब्ध गराई सहजीकरण गर्न पनि सङ्घले आग्रह गरेको छ । अन्तर्राष्ट्रिय पर्यटकद्वारा अधिकांश भुक्तानी एवं कारोबार क्रेडिट कार्डमार्फत हुने भएकाले क्रेडिट कार्डको प्रयोगमा बैंकले लिँदै आएको ३ प्रतिशत सेवा शुल्क धेरै महँगो भएकाले यसलाई घटाइ बढीमा १ प्रतिशत कायम गरिनुपर्ने सुझाव पनि सङ्घले दिएको छ । ध्यानाकर्षण पत्र बुझ्दै पोखरा कार्यालयकी निर्देशक जोशीले व्यवसायीका मागहरुप्रति आफू सकारात्मक रहेको भन्दै ती मागलाई यथाशीघ्र केन्द्रीय कार्यालयलाई उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन् ।

## कर्पोरेट

### बेला दसैं बहार, उपहार नै उपहार




**काठमाडौं (प्रस)**– चाडबाडको बेला किनमेलको चटारो परिरहेका बेला 'बेलाको' कम्पनीले आम उपभोक्तालाई उपहारको बहार ल्याएको छ । हरेक सामानको खरिदमा हातखाली नजाने उपहारसँगै एक जना भाग्यमानी विजेताले २५८ लिटरको रेफ्रिजेनेटर प्राप्त गर्ने छन् । यस्तै प्रत्येक सामाग्री खरिदमा १० प्रतिशत छुट गरिएको छ भने स्क्र्याच कुपनमा एक हजार रुपैयाँसम्म क्यास ब्याक राखिएको कम्पनीले जनाएको छ । बेलाको सामाग्री उपयोगले घर सजाउने, भान्सा मगमगाउने र चाडबाड रंगीन बनाउने कम्पनीले दाबी गरेको छ ।

प्रदीप खड्का ब्राण्ड एम्बेसडर रहेका बेलाको कम्पनीले रेफ्रिजेनेटर, वासिङ मेसिन, स्मार्ट टेलिभिजन, स्मार्ट एसी, ग्यास स्टोप, राइस कुकर, आइरन, इलेक्ट्रिक कित्ली, हिटर, बहुउपयोगी ब्लान्डरलगायत गृह उपकरण नेपाली बजारमा ल्याएको छ ।

### हाइगर ब्राण्डका विद्युतीय गाडी नेपाल आउँदै

**काठमाडौं (प्रस)**– शशिला मोटर्स प्रा.लि.ले नेपालमा हाइगर ब्रान्डको विद्युतीय गाडी नेपाल ल्याउने भएको छ । कमर्सियल गाडीहरुको विक्री वितरणका लागि नेपालको डिलर डिलर शशिला मोटर्स्ले हाइगर ब्राण्डको कमर्सियल विद्युतीय गाडी नेपाल भित्र्याउने भएको हो ।

त्यसका लागि कम्पनीले शुक्रवार चाइनिज बस उत्पादक कम्पनी हाइगर बस कम्पनी लिमिटेडसँग सम्झौता गरेको हो । हाइगर बस कम्पनी लिमिटेडले बिश्वका १ सय ३० भन्दा धेरै देशहरुमा आफ्नो उपस्थिती जनाइसकेको छ ।



हाइगर 'चाइनिज फेमस ट्रेडमार्क' र 'चाइनिज फेमस ब्राण्ड' को उपाधि प्राप्त गर्न सफल ब्राण्ड हो । यो सम्झौतासँगै शशिल ामोटर्स् हाइगर भ्यानको नेपालका लागि एकमात्र आधिकारक बितरक बनेको छ । सुरुमा १६ सिट क्षमताका इभी मिनिभ्यान र मिनिवस नेपाली बजारमा सार्वजनिक गर्ने तयारी प्रालिका प्रबन्ध निर्देशक सन्तोष खतिवडाले ज नाए । ती बसहरुमा सिंगल चार्चमा २५० किलोमिटर गुड्नेका साथै ७० किलोवाटको आवर ब्याट्री रहेको पनि जनाइएको छ । साथै उक्त बसहरुमा नेपालको बाटो सुहाउँदो २०० एमएमको ग्राउण्ड क्लियरेन्स रहेको र आामदायी सिट रहेको पनि जनाइएको छ ।

### सिद्धार्थ बैंकको लाभांश घोषणा

**काठमाडौं (प्रस)**– सिद्धार्थ बैंक लिमिटेडले लाभांश घोषणा गरेको छ । बैंकको हालै बसेको बैंक संचालक समितिको ४१८औं बैठकले आ.व. २०७९/८० को वितरणयोग्य मुनाफाबाट बैंकका शेयरधनीहरुलाई ४.२१ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो । बैंकको हाल कायम रहेको चुक्ता पूँजीको ४.२१ प्रतिशत नगद लाभांश (कर प्रयोजनको लागि समेत) प्रस्ताव गरेकोहो । उक्त लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त भएपछितथा बैंकको आगामी साधारण सभाबाट पारित भए पश्चात् मात्र वितरण गरिनेछ ।

Siddhartha Bank

बैंकले आर्थिक वर्ष २०७९/८० मा रु ३ अर्व १६ करोड खुद नाफा आर्जन गरेको छ र यस मुनाफा अघिल्लो वर्षको मुनाफाको तुलनामा रु २६ करोड अर्थात् ९.११ प्रतिशतको वृद्धि हो । यसै गरी बैंकको वितरणयोग्य मुनाफा रु ६६ करोड कायम रहन आएको छ । खुद मुनाफाको तुलनामा बैंकको वितरणयोग्य मुनाफामा केहि संकुचन आएको देखिन्छ जसको मुख्य कारण बैंकले आर्थिक वर्ष २०७९/८० को खुद मुनाफाबाट रु १ अर्ब ४६ करोड बराबर रकम ऋणपत्रको लागि पूजी फिर्ता जगेडाकोषमा विनियोजन गरिएकाले हो । देशमा विद्यमान तरलता अभावको अवस्थामा सिद्धार्थ बैंकले इन्टरनेशनल फाइनान्स कर्पोरेशनबाट ५ करोड ५० लाख अमेरिकि डलर बराबरको ऋण रकम प्राप्त गर्न सफल भएको थियो ।

### सिटिजन्स बैंक अध्यक्षमा पाण्डे




**काठमाडौं (प्रस)**– सिटिजन्स बैंक इन्टरनेसनलको शुक्रबार सम्पन्न १७औं वार्षिक साधारणसभापछि बसेको सञ्चालक समितिको बैठकले प्रवलजंग पाण्डेलाई अध्यक्ष पदमा निर्वाचित गरेको छ । पाण्डे यसअघि बैंकको सञ्चालक थिए । उनी मर्जर तथा एक्विजिसन समितिको सदस्य भएको बेला बैंकले तिनाउ मिसन विकास बैंक, सृजना फाइनान्स र सहयोगी विकास बैंकलाई प्राप्ति गरेको थियो । बैंकका संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्दै अध्यक्ष बनेका पाण्डे बैंकका प्रमुख लगानीकर्ता पनि हुन् । अध्यक्ष चयनपछि उनले बैंकलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिवद्धता जनाएका छन् । उनले बैंकको संस्थागत सुशासनलाई सुदृढ बनाउँदै नयाँ प्रविधिमा आधारित बैंकिङलाई प्राथमिकतामा राख्ने र सेवा बिस्तार गर्ने बताए । उनी कसमस सिमेन्टका निर्देशक पनि हुन् । इस्टन कसमसमा पनि उनी निर्देशक छन् । लोमस फर्मास्यूटिकल्समा सञ्चालक रहेका पाण्डे निजी क्षेत्रबाट सञ्चालित डाटा हबमा समेत आवद्ध छन् । बैंक तथा वित्तीय क्षेत्रका साथै निजी क्षेत्रको सम्पूर्ण डाटा यहाँ राखिन्छ । फर्चुना ग्रुपमा पनि पाण्डे छन् । फर्चुना ग्रुपले औषधिको प्याकिङ सामग्री उत्पादन गर्दै आएको छ । इन्जिनियरिङमा स्नातक गरेका पाण्डे दुई दशकभन्दा बढी समयदेखि सिमेन्ट, औषधिजन्य उत्पादन लगायतका उद्योग र व्यापारमा सक्रिय छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ लगायत विभिन्न सामाजिक संघ संस्थामा आवद्ध भई नेतृत्वदायी भूमिका निभाइरहेका पाण्डेको अनुभवी नेतृत्वमा अझ बढी सफलता प्राप्त गर्ने विश्वास बैंकले लिएको छ । साधारण सभाले सजन शर्मा र सीता कार्की केसीलाई सञ्चालक चयन गरेको छ । सर्वसाधारणका तर्फबाट प्रकाशचन्द्र मैनाली र विजयध्वज कार्की तथा स्वतन्त्र सञ्चालकमा अनिल ज्ञवाली छन् ।

## १७७ फर्म कारबाहीमा

**काठमाडौं (प्रस)**– उपभोक्ता हित संरक्षण तथा स्वच्छ बजार कायम गर्न वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बजार अनुगनमलाई तीव्र बनाएको छ । विभागले चाडपर्व लक्षित बजार अनुगमन कार्यायोजनाअनुसार सरोकार भएका निकायको समन्वयमा १० वटा विषयगत र दुई वटा विशेष निगरानी टोली खटाएर बजार अनुगमन गरिरहेको छ ।

यही असोज १ देखि २५ गतेसम्म विभागले काठमाडौं उपत्यकाभित्रका दैनिक उपभोग्य खाद्यान्न, माछामासु, औषधि तथा तरकारीजन्य छ सय ७९ व्यावसायिक फर्मको अनुगमन गरी एक सय ७७ फर्मलाई विभिन्न कसुरमा कारबाही गरेको छ । विभागले गैरव्यावसायिक क्रियाकलाप गर्ने ती फर्ममाथि कारबाही गरी रु ५४ लाख ६७ हजार जरिवाना तिराएको छ ।

यस्तै एक सय ८५ फर्मसँग थप कागजात माग तथा दुई सय ९३ फर्मलाई व्यावसायिक सुधारका लागि निर्देशन दिएको विभागका महानिर्देशक तीर्थराज चिलुवालले जानकारी दिए । विभागले अनुगमनका क्रममा कुलेश्वरबाट जफत गरेको ७० हजार मेट्रिकन चिनी साल्ट ट्रेडिङ कर्पोरेशनले सहुलियत दरमा बिक्री गरिरहेको छ । उक्त चिनी साल्ट ट्रेडिङले प्रतिकिलो एक सय एक रुपैयाँ ५० पैसामा खरिद गरी सुपथ मूल्य पसलमार्फत प्रतिकिलो रु ९७ मा बिक्री गरेको हो ।

बजारमा देखिएको चिनीको अभावलाई न्यूनीकरण गरी आपूर्ति प्रणाली सहज गर्न स्वदेशी उद्योगले अन्य औद्योगिक प्रयोजनका लागि अग्रीम बिक्री सम्झौता गरिसकेको एक हजार मेट्रिक टन चिनी उपभोक्ताको सहज पहुँच पुग्ने गरी बजारमा पठाउने तयारी गरिएको विभागका महानिर्देशक चिलुवालले जानकारी दिए । चिनी सञ्चय गर्ने तथा अस्वाभाविक मूल्य वृद्धि गर्ने व्यवसायीको गोदामस्थल पहिचान गरी कारबाही गर्ने तथा सञ्चय गरेको चिनीलाई सहज र वास्तविक मूल्यमा बजारमा आपूर्ति गराउन निरन्तर लागि परेको विभागले जनाएको छ ।

जीराको अस्वाभाविक मूल्यवृद्धि भइरहेका सन्दर्भमा विभागले सूक्ष्म अनुगमन गरिरहेको महानिर्देशक चिलुवालको भनाइ छ । 'बजारमा सहज आपूर्ति र अस्वाभाविक नाफाखोरी गर्ने प्रवृति नियन्त्रणका लागि विशेष निगरानी, सूक्ष्म सूचना विश्लेषण र सरोकार भएका अन्य निकायबाट समेत आयात, सञ्चय तथा बिक्री वितरणसम्बन्धी विवरण विभागको निगरानी टोलीबाट अध्ययन भइरहेको छ', उनले भने ।

चोभारस्थित एक गोदामस्थलबाट २५ हजार किलो जीरा सञ्चय भएको पाइएको र उक्त जीरा तुरुन्त बजारमा प्रवाह गर्नेगरी काम अगाडि बढाइएको विभागले जनाएको छ । विभागबाट खटिएको अनुगमन टोलीले जीरा, चिनी, पिउने पानीलगायत काठमाडौं उपत्यकाका नौ वटा खाद्यजन्य वस्तु सञ्चय गर्ने व्यवसायीको गोदाम र व्यापारिकस्थल सिलबन्दी गरी अनुसन्धानको प्रक्रिया अगाडि बढाएको छ ।

## ओमोडा-५ इभी लाइभस्ट्रिमद्वारा सार्वजनिक

**काठमाडौं (प्रस)**– चेरी इन्टरनेशनलले नेपालमा आफ्नो फ्ल्यागशिप भेरियन्ट ओमोडा-५ इभी, लन्च गर्नका लागि तयारी गरिरहेको छ । यस अभिनव विद्युतीय गाडीको विशेष झलक प्रदान गर्न, ओमोडाको चिनियाँ टोलीले अनलाइन लाइभस्ट्रिम कार्यक्रम सञ्चालन गरेको छ । ओमोडाका सी.एम.ओ, लिलियन जिओंग र ओमोडाका प्रबन्ध निर्देशक, कायपानद्वारा सञ्चालित यो लाइभस्ट्रिम कार्यक्रम चिनबाट भएको थियो, जसमा शारदा समूहका विशिष्ट अतिथिहरू र मिडिया अनलाइन लाइभस्ट्रिम मार्फत उपस्थित थिए ।

चेरी इन्टरनेशनलले विश्वभरका उद्योगमा महत्वपूर्ण प्रगति गरेको छ, जसमा निर्यात मात्रा ३ मिलियन एकाइभन्दा बढी छ । ब्रान्डले आधुनिक र फेशनेबल जीवनशैलीको प्रतिनिधित्व गर्दछ, जसले प्रविधिको बलियो भाव दिन्छ । ओमोडा ले आफ्नो 'क्रस' ट्यागलाइनको अन्तर्गत, एक फेशन-फर्वार्ड, उच्च-प्रविधि, र हरियो छवि प्रदान गर्दछ, विवेकी दर्शक तर्फ केन्द्रीत देखिन्छ ।

ओमोडा-५ इभीले एउटा क्रान्तिकारी डिजाइनमा गर्व गर्दछ, जसलाई उपयुक्त रूपमा 'लाइट अफ मुभमेन्ट' भनिएको छ । यसको बाहिरी भागमा स्पोर्टी




'क्रस' आकारको फ्रन्ट फेस छ, जुन हावा प्रतिरोधका लागि अनुकूल छ, र सही सन्तुलन कायम राख्न गतिशील बडी लाइनहरू पनि छन् ।

यो वाहनको पछाडिको भाग (रिअर) ले एक उल्ट्याएको डिजाइन देखाउँछ, जसले एक अत्यधिक गतिशील स्थिति प्रकट गर्दछ। ओमोडा ५ इभीको मुख्य विशेषताहरू मध्ये एक यसको स्मार्ट हल्का ब्याट्री हो, जसले ब्याट्रीको आयु बढाउँछ र भी२एल प्रविधि मार्फत माइलेजको चिन्तालाई सम्बोधन गर्दछ। ८१५५ क्वालकम स्मार्ट चिप, १६ प्रकारका ए.डी.ए.एस सोनी स्पिकर, असिस्टेड ड्राइभिङले सुसज्जित छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ